पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १९ | २०७० मंसिर २१ गते शुक्रबार (Dec. 6, 2013) | मूल्य रू. १०/-

## सत्ताका लागि सहमतीय प्रणाली



काठमाडौं । निर्वाचनअघि नै एमाओवादी, नेपाली कांग्रेस, नेकपा एमालेलगायतका दलहरूले संविधानसभाको दोस्रो चुनावबाट आएका प्रतिनिधिहरूको संविधानसभाको पहिलो वैठक बसेकै दिनबाट एक वर्षभित्रमा नेपाली जनतालाई संविधान दिने प्रतिवद्धता जनाएता पनि अहिलेको अवस्था हेर्दा एक वर्षभित्रमा संविधान निर्माण हुन सक्ने विश्वास गर्न सकिने आधारहरू देखिएका छैनन् । पहिलो संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको एमाओवादी अहिले (बाँकी अन्तिम पेजमा)

# राप्रपा नेपालले अडान छाडेकै हो त?

काठमाडौँ । अनलाइन खबर डटकममा राप्रपा नेपालका अध्यक्ष कमल थापाको अन्तरवार्ता प्रकाशित भयो । मंसिर १४ मा प्रकाशित यो अन्तरवार्तामा राजतन्त्र समाप्त भइसक्यो, शान्ति र संविधानका लागि जस्तोसुकै सहमति गर्न राप्रपा नेपाल तयार छ भनिएको छ ।

राप्रपा नेपालले चुनावी परिणाम आइसकेपछि गरेको पत्रकार सम्मेलनमा अध्यक्ष थापाले भने हामी जिम्मेवार प्रतिपक्षी



बन्छौं, सरकारमा जाँदैनौं । संवैधानिक राजतन्त्र, हिन्दू राष्ट्र र संघीयताका सम्बन्धमा राप्रपा नेपालका भनाइहरू विचलित रूपमा आउन थालेका छन् । यद्यपि पत्रकारकामाफ अध्यक्ष थापाले हिन्दू राष्ट्रका लागि लडिरहने बताउन भने चुकेनन् ।

जनकपुर-पशुपति रथयात्रा देशव्यापी गरेको जनजागरण अभियानका क्रममा राप्रपा नेपालले संवैधानिक राजतन्त्र र हिन्दू राष्ट्रका लागि संविधानसभाको पहिलो वैठकदेखि नै लड्ने बचनवद्धता जनताका सामु गरेको छ । पशुपतिनाथको मन्दिर प्राङ्गणमा संकल्प नै गरेको छ । ती संकल्पहरू राप्रपा नेपालले विर्सन थालेकै हो त ? अथवा संविधानसभाको निर्वाचनमा ६ लाखभन्दा बढी मत पाएर समानुपातिकको २४ सभासद् पाएको राप्रपा नेपाल चौथो शक्ति त बन्यो तर आफ्नो प्रष्ट अडानमा विचलन भएको आशंका देश-विदेशभरि फैलिन थालिसकेको छ ।

राप्रपा नेपाल भनेकै संवैधानिक राजतन्त्र, हिन्दू राष्ट्र र राष्ट्रिय एकताको पक्षधर भनेर चिनिने पार्टी हो । २४ सिट पाएपछि उसले संवैधानिक राजतन्त्रको (बाँकी अन्तिम पेजमा)

## स्थानीय चुनावको तयारी सुरु



काठमाडौँ । प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीले आगामी चैत्र-वैशाखमै स्थानीय सरकारको चुनाव सम्पन्न गर्नुपर्ने प्रस्ताव गरेका छन् । चुनाव गराउन निर्वाचन आयोग तयार छ, सरकार र राजनीतिक दलहरू तयार हुनुपर्‍यो भन्ने प्रमुख आयुक्तको अभिव्यक्तिले देशैभरिका स्थानीय राजनीतिलाई तताउन थालेको छ । केही दिनभित्रै नेपाली काँग्रेसको नेतृत्वमा सरकार बनेपछि त्यही सरकारले राजनीतिक वार्ता चलाएर निर्वाचनको घोषणा गर्न सक्छन् । विश्लेषकहरू भन्छन्- तर एमाओवादी मान्ला र ? देशैभरी अत्यन्त अलोकप्रिय छ (बाँकी अन्तिम पेजमा)

## मिल्नै पर्ने बाध्यतामा कांग्रेस-एमाले

**अभियान संवाददाता**

काठमाडौं । हालै सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनको परिणाम हेर्दा नेपाली कांग्रेस र एमाले मिल्न नसकेको खण्डमा संविधान त परै जाओस् सरकार निर्माण गर्नसम्म धौ धौ पर्ने देखिएको छ । एमाओवादीको अडानका कारण चुनावमा थ्रेसहोल्डको व्यवस्था नगरिएका कारण एक-दुई सिट पाएर पनि संविधानसभामा पुग्ने दलहरूको संख्या ठूलो भएको हुनाले सहमतीय होइन बहुमतीय सरकार निर्माणका लागि पनि कांग्रेस र एमाले मिल्नै पर्ने बाध्यता देखिएको छ ।

विश्वमा प्रचलित सिद्धान्त अनुसार ठूलो दलले सरकार निर्माण गर्ने र सानो दल प्रमुख प्रतिपक्षीको रूपमा रहेर सरकारलाई खबरदारी गर्ने विश्वव्यापी मान्यता रहे पनि अहिले अवस्था त्यस्तो छैन ।



समानुपातिकबाट एक-दुई सिट लिएर संविधानसभामा पुग्ने दलहरूको संख्या ठूलो भएको हुनाले संविधानसभामा ठूलो दल



भएको कांग्रेस र तेस्रो ठूलो दल एमाओवादी मिल्दा पनि बहुमतीय सरकार निर्माण हुन (बाँकी अन्तिम पेजमा)

## राज्य संयन्त्र र सेनाले हरायो : मधेसवादी दल

**अभियान संवाददाता**

काठमाडैं । एमाओवादीले हालै सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा आफ्नो पार्टीको हारको कारण सेना परिचालन गर्नु नै थियो भन्ने निष्कर्ष निकाल्दै चुनावमा जितेका व्यक्तिहरूले प्रमाणपत्र पनि नलिने र समानुपातिक तर्फका व्यक्तिहरूको नाम पनि सिफरिस नगर्ने उद्घोष गरिरहेको बेला चुनावमा हारेका मधेसवादी दलहरूले पनि एमाओवादीकै मार्ग अपनाउँदै मधेस केन्द्रित केही दलहरूले संविधानसभा निर्वाचनमा राज्य संयन्त्र, सेना र विदेशी शक्तिले धाँधली गरेको आरोप लगाएका छन् । उनीहरूले त्यस्तो अरोप लगाए पनि राज्य संयन्त्रले कस्तो धाँधली गर्‍यो सेनाले कसरी धाँधली गर्‍यो र कुन विदेशी शक्तिले कसरी र कस्तो खालको धाँधली



गर्‍यो भन्ने प्रष्ट पार्न भने सकेका छैनन् ।

मधेस पत्रकार संघले हालै काठमाडैंमा आयोजना गरेको दोस्रो (बाँकी अन्तिम पेजमा)

## सेना परिचालन गल्ती : एमाओवादी



काठमाडैं । मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा आफ्नो पार्टीको हारको कारण चुनावमा सेना परिचालन गरिनु गम्भीर गल्ती भएको र त्यसको दोष नेकपा एमालेका अध्यक्ष झलनाथ खनाललाई लगाउँदै आफू पानीमाथिको ओभानु बन्ने प्रयासमा लागेका छन्, एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल । केही दिन अघि सम्पन्न भएको एमाओवादीको केन्द्रीय समितिको बैठकमा अध्यक्ष दाहालले सेना परिचालन रोक्न नसक्नु आफ्नो कमजोरी भएको स्वीकार गरेका हुन् ।

संविधानसभाको चुनावमा आफ्नो पार्टी हारेको कारण खोजीमा लागेका दाहलाले (बाँकी अन्तिम पेजमा)

## स्याबास- लोकमानसिंह

काठमाडौं । ट्रान्सपरेन्सी इन्टरनेशनलले मंसिर १८ गते घोषणा गर्‍यो नेपालमा भ्रष्टाचार घट्यो । गत साल यही संस्थाले बजेटको ८० प्रतिशत सम्म भ्रष्टाचार हुन्छ भनेर नेपाललाई भ्रष्टाचारी मुलुकको दर्जामा राखेको थियो । अब त्यसमा सुधार आएको छ ।

सुधार अख्तियारमा लोकमानसिंह कार्की नियुक्ति भएपछि आएको हो । जताततै छापा मार्ने, पक्राउ गर्ने, थुन्ने, मुद्दा हाल्ने गरेर प्रमुख कार्कीले भ्रष्टाचारीहरूमा जुन भय उत्पन्न गराइदिए- त्यसैको परिणाम हो - भ्रष्टाचारमा आएको कमी । यद्यपि निर्वाचनका कारणले गत असोजदेखि (बाँकी अन्तिम पेजमा)



## अहिले नै 'राष्ट्रपति'को चर्चा

■ **शाश्वत शर्मा खतिवडा**

मंसिर ४ गते दोस्रो संविधानसभाको लागि भएको निर्वाचन पछि अहिले प्रत्यक्ष र समानुपातिक दुवैतर्फको परिणाम आइसकेको छ । यस निर्वाचन र त्यसले दिएको परिणामले पहिलो संविधानसभामा ठूलो पार्टी बन्न सफल एमाओवादी दोस्रो पनि होइन, तेस्रो पार्टी बन्न सफल भएको छ । यस निर्वाचनमा कांग्रेस १९६ सिट, एमाले १७५ सिट र प्रत्यक्षतर्फ एक सिट पनि जित्न असफल भएको राप्रपा नेपालले समानुपातिकबाट मात्र २४ सिट ल्याएर चौथो ठूलो दल बन्न सफल भएको छ । यसरी संविधानसभा (२) को 'गणित'मा आश्चर्यजनक रूपमा उलटफेर भएको छ । अब यही मेसोमा एमाओवादीलाई वैधानिक रूपमै किनारा लगाउन सफल भयौँ भनेर दुई हात माथि उफ्रने कांग्रेस र एमालेले अब मिलेर सर्वमान्य संविधान निर्माण गर्लान् भनेर आश गरेर बसेका नेपाली जनता यसबेला यी ठूला दल (कांग्रेस-एमाले)को क्रियाकलापले झसंग हन पुगेका छन् । तिनको आशामा यो मंसिर महिनाको कठ्यांग्रिने जाडोमा चिसो पानी खन्याएसरी भएको छ ।

यतिबेला राष्ट्रपति फेर्ने (!) मुद्दा उठाउने हो- एमालेले । लौ, राप्रपा नेपालको त राष्ट्रपतिसँग कुनै साइनो नै छैन । तर एमालेले 'मिल्नु' पर्ने समयमा यो राष्ट्रपति फेर्ने कुरा किन र कहाँबाट ल्यायो ? शुरूवात नै आपसी बेमेलबाट । अन्तरिम संविधानले नयाँ संविधान जारी नहुन्जेल यिनै राष्ट्रपति (डा.रामवरण यादव) कायम रहने व्यवस्था गर्दागर्दै अहिले किन एमाले, एमाओवादी र राप्रपा नेपालको लोलीमा बोली मिल्दैछ ? कतै गठन नहुँदै संविधानसभा (२)को पनि विघटन गर्ने तयारी त सुरू हुँदैछैन ? पहिलो संविधानसभाले पुरा गरेका ८० प्रतिशत कामलाई लिएर बाँकी २० प्रतिशत काम



समाप्त गर्न अघि बढ्छौं भनेर हिजो एमाले र एमाओवादी पनि कुर्लिएकै हुन् ।

एक वर्षभित्रमा बाँकी २० प्रतिशत काम समाप्त गर्नका लागि अन्य 'नयाँ' राजनीतिक दलहरूलाई साथ लिनका लागि अभ्यासहरू गर्नु पर्नेमा अहिले यही राष्ट्रपति रहने कि नरहने भन्ने (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

सम्पादकीय

## जनताको आदेश नै सर्वेसर्वा

*मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा नराम्रोसँग पराजित भएपछि एमाओवादीले संविधानसभामै नजाने र निर्वाचन आयोगले समानुपातिकतर्फबाट उसले पाउने सिटमा आफ्नो उम्मेदवारहरुको नामसमेत सिफारिस नगर्ने जुन घोषणा गरेको छ, त्यो आफैँमा गैरलोकतान्त्रिक र लोकतान्त्रिक पद्धतिविरुद्ध रहेको छ । एमाओवादीकै विशेष सहयोगमा चुनावको घोषणा गरियो र चुनाव गराउनका लागि पनि उसैले प्रस्ताव गरेका ब्यक्ति सर्वोच्च अदालतका बहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई अन्तरिम संविधान नै संशोधन गरेर मन्त्रिपरिषद्को अध्यक्ष बनाइयो र एमाओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरुकै सिफारिसमा मन्त्रीहरुसमेत नियुक्त भए । त्यसै गरी निर्वाचन आयोगमा समेत तिनै दलहरुको सिफारिसमा प्रमुख आयुक्त र आयुक्तहरु नियुक्ति गरियो ।*

*चुनावी परिणाममा आफ्नो पार्टीलाई आफैँले नियुक्त गरेका ब्यक्तिहरुले आफूहरुलाई धोका दिएर आफ्नो पार्टीविरुद्ध गम्भीर षड्यन्त्र गरेर आफ्नो पार्टीलाई पराजित गराएको आरोप एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले लगाउनु भनेको उनले आफूले आफैँलाई विश्वास गर्न नसकनु नै हो । चुनावमा एमाओवादीलाई सरकार, सुरक्षा निकाय, आयोग कसैले हराएका होइनन्, उनको पार्टीलाई जनताले नै दण्डसजाय दिएका हुन् । सरकारको नेतृत्व दुई-दुई पटक लिए पनि उनको पार्टीले संविधान निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राख्न नसकेको र सरकार संचालनमा समेत सबै दलहरुलाई मिलाएर अगाडि बढ्न नसकेको भन्दै जनताले एमाओवादीलाई मतदानद्वारा दण्डसजाय दिएका हुन् । एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री रहेको बेला उनले पशुपतिनाथको पूजारीलाई वर्खास्त गरेर आफ्नो पार्टीका समर्थकलाई मूल पूजारीका रुपमा नियुक्त गरे । त्यसै गरी प्रत्येक क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेल्दै धार्मिक क्षेत्रदेखि खेलकुद क्षेत्र हुँदै न्यायालयमा समेत हस्तक्षेप गरेका हुनाले त्यसको विरोधमा त्यसैबेला पनि जनता सडकमा आएका थिए । जनताले उचित समय खोजिरहेका थिए, जनताको लागि उचित समय भनेको चुनावी प्रक्रिया नै थियो । त्यही लोकतान्त्रिक पद्धतिबाट एमाओवादीलाई जनताले दण्ड सजाय दिएका हुन् ।*

*नेपालकमा झण्डै १ सय २५ जातजातिको बसोबास रहेको छ । आजका दिनसम्म जातजाति र धार्मिक विवादलाई लिएर नेपाली-नेपालीबीच कुनै झैंझगडा भएको छैन । तर एमाओवादीले जातजातिलाई लडाएर आफ्नो पार्टीगत स्वार्थ पूरा गर्ने उद्देश्यले एकल जातीय पहिचानका आधारमा संघीयतामा जानु पर्ने जुन अडान कायम राख्यो त्यसलाई जनताले अस्वीकार गरिदिएका छन् । मुलुक संघीयतामा जाँदा मुलुकको अर्थतन्त्रले थेग्न सक्ने ५/७ वटा मात्र प्रदेश हुनु पर्ने काँग्रेस एमालेको एजेन्डालाई जनताले स्वीकार गरेका हुनाले नेपाली काँग्रेस र नेकपा एमालेलाई जनताले नै संविधानसभामा पहिलो र दोस्रो ठूलो शक्तिका रुपमा पुऱ्याएका हुन् । संविधानसभाको पहिलो चुनावमा एमाओवादी ठूलो दल बन्न सफल भए पनि उसले आफैले चाहेजस्तो संविधान निर्माण गर्न नसक्ने अवस्था भएको हुनाले संविधान दलहरुले चाहेजस्तो होइन जनताले चाहेजस्तो हुनु पर्दछ भन्ने विश्वब्यापी मान्यतालाई स्वीकार गर्न नसकेकै हुनाले यसपालिको चुनावमा एमाओवादीले हार ब्यहोर्नु परेको हो । सत्य वास्तविकता यही भए पनि उसले दोष अरुलाई लगाएर आफू पानीमाथिको ओभानो बन्न खोज्ने प्रयास गर्नु भनेको स्वयम् एमाओवादीकै लागि आत्महत्या गरे सरह हुनसक्छ । तसर्थ उसले अब कुनै बाधाविरोध सिर्जना नगरी जनताको अभिमत स्वीकार गरी राजनीतिक चरित्र देखाउनु नै उसको हितमा हुनेछ ।*

*लोकतान्त्रिक पद्धतिमा चुनावमा हार्नु जित्नु ठूलो कुरा होइन, सिद्धान्त ठूलो कुरा हो । अहिले एमाओवादीले लिएको सिद्धान्तलाई जनताले स्वीकार गर्न सकेनन् अर्थात् चाहेनन्, आखिर किन ? अब एमाओवादी नेतृत्वले त्यसको गम्भीर विश्लेषण गरी आफ्नो दललाई सुधार गर्दै अगाडि बढेको खण्डमा उसले अर्को चुनावमा ठूलो हैसियत राख्न सक्छ । जनताले दिएको मत सधैँभरीका लागि हुन सक्दैन । विश्वब्यापी सिद्धान्त र लोकतान्त्रिक पद्धति अनुसार ४-५ वर्षमा फेरि चुनाव हुन्छ, जनताको विश्वास जित्न सके फेरि उसले सत्ताको बागडोर हातमा लिन सक्छ । तर अहिले उसले संविधानसभामा नजाने र समानुपातिकतर्फका उम्मेद्वारको नाम सिफारिस नै नगर्ने जुन उद्घोष गरेर केही मधेसवादी दलहरुलाई साथ लिएर सडक संघर्षमा जाने तानाबाना बुन्दैछ त्यसले जनताको अपमान भएको छ । जनताले एमाओदीका उम्मेदवारहरुलाई मतदान गरेका छन् । ऊ संविधानसभामा नगएको खण्डमा ती उसलाई मतदान गर्ने जनताका प्रतिनिधिहरुको उपस्थिति नहुने भएको हुनाले त्यहाँ जनताको अपमान हुनेछ भनिएको हो । सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले दिएको आदेशलाई स्वीकार गर्न नसक्ने दलहरुको आवश्यकता यहाँ रहँदैन । लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुने भएको हुनाले जनताको आदेशलाई स्वीकार गर्दै एमाओवादी लगायतका अन्य दलहरुले अब सडक संघर्षका कुरा छोडी तोकिएको समयसीमा भित्रैमा संविधान निर्माणमा लाग्नु नै उचित हुनेछ भन्ने ठहर हामीले गरेका छौं ।*

# संविधानसभालाई 'अनिर्णयको बन्दी नबनाइयोस्

***देवेन्द्र चुडाल***

संविधानसभाको दोस्रो निर्वाचनको परिणाम पछि केही दलहरू विजयको उन्माद मनाइरहेका छन् भने केही दलहरू पराजयको दोष अरूलाई लगाएर चुनावी परिणाम नै स्वीकार्न नसक्ने भन्दै संघर्षको धम्की दिइरहेका छन् । साँचो अर्थमा भन्ने हो भने लोकतन्त्रमा जनता नै सर्वेसर्वा हुन्, जनताभन्दा ठूलो केही हुन सक्दैनन् । जनताले दिएको चुनावी परिणामलाई स्वीकार गर्दै अहिलेदेखि नै पार्टीगत रूपमा भएका कमी कमजोरी र गल्तीहरू सच्याउँदै दलहरू जनताको सेवामा लाग्ने हो भने अर्को चुनावमा अहिले पराजित भएका दलहरूले राम्रो परिणाम ल्याउन सक्छन् । तर अहिले एमाओवादीलगायतका अन्य केही साना दलहरू चुनावमा सरकारी संयन्त्रबाटै धाँधली गरिएको आरोप लगाउँदै कानुनी प्रक्रियाबाट बाहिर गएर संविधानमा व्यवस्था नै नगरिएको छानविन आयोगको माग गर्नु अन्तरिम संविधानलाई स्वीकार नगर्नु नै हो । नेपालको अन्तरिम संविधानमा एउटा संवैधानिक निकायले गरेका कार्यहरूमाथि छानविन गर्न सक्ने प्रवाधान नै छैन । निर्वाचन आयोगले हालै सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनको परिणाम चित्त नबुझेको खण्डमा संविधान अनुसार गठन भएको संविधानसभा अदालतमा पुगेर त्यहीँ उजुरी दर्ता गर्न सक्ने व्यवस्था भएको हुनाले चुनावी परिणाम चित्त नबुझेका दल र व्यक्तिहरूले त्यहीँ उजुरी दर्ता गराउनु नै उचित कार्य हुनेछ भनि प्रष्ट पारिसकेको छ ।

एमाओवादीलगायतका केही साना दलहरूले अनावश्यक विवाद झिकेर आफैँमा अलोकतान्त्रिक हो । निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले चुनवी पुनरावलोकन हुन नसक्ने भन्दै यदि दलहरूलाई परिणाममा चित्त नबुझे निर्वाचन विशेष अदालतमा जान आग्रह गरिसकेका छन् । उप्रेतीले एमाओवादीको छानविन हुनुपर्ने मागलाई ठाडै अस्वीकार गर्दै अदालतमा जान आग्रह गरिसकेको अवस्थामा निर्वाचन अयोगले नै धाँधली गरेको आरोप लगाउनुले एमाआवादी अहिले पनि लोकतान्त्रिक पद्दतिमा विश्वास गर्दैन भन्ने पुष्टी भएको छ । एमाओवादीको पछिल्लो रणनीति हेर्दा ऊ जसरी भएपनि संसदीय पद्दतिको धज्जी उडाउने कार्यमा सक्रिय भएको जस्तो देखिएको छ । संसदीय पद्दतिको धज्जी उडाउने खेलमा एउटा दल बाहिर बसेर संसदीय पद्दतिको धज्जी उडाउँदै आफैंले बहिष्कार गरेको संविधानसभामा सम्मानजनक सिट दिए संविधानसभा र सरकारमा जान्छौं भनिरहेके छ भने अर्को दल जनताले हामीलाई चुनावमा हराइदिए अब हामी संविधानसभामै जाँदैनौं भन्दै जनताको अपमान गरिरहेको छ । सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताले दिएको आदेश स्वीकार नगर्ने दलहरू नेपाली जनताको लागि आवश्यक नै छैनन् । संविधानसभाको चुनावअघि एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालसहितका अन्य नेताहरूले जनतासँग पार्टीलाई दुई तिहाई मत दिन आग्रह गरिरहेका थिए । उनीहरूको भनाइ थियो- आफ्नो पार्टीको पहिलो संविधानसभामा दुई तिहाई मत नभएको हुनाले संविधान निर्माण हुन सकेन । अब दुई तिहाई दिनुस् हामी संविधान दिन्छौं भनेका थिए । तर एमाओवादीका झन्डै उनीहरूले २७ महिना सत्ताको बागडोर हातमा लिए । त्यो समयमा उसले आफूले चुनावअघि जारी गरेको घोषणापत्रमा उल्लेख गरेका प्रतिवद्धताहरू पूरा गर्न सकेन वा पूरा गर्न चाहेन । बरू धार्मिक क्षेत्र हुँदै न्यायालय, खेलकुद क्षेत्र, सुरक्षा निकायमा समेत हस्तक्षेप गरेर सुरक्षा निकायलाई पंगु बनाउने कार्यमा ऊ सक्रिय भयो । त्यसैको परिणाम हो अहिले एमाओवादीको पराजय । एमाओवादीकै कारण मधेसवादी दलहरू टुक्रा-टुक्रा भएर विभाजित भए । सत्ताका लागि एमाओवादीले मधेसवादी दलहरूलाई विभाजन गराउन सफल भयो । तत्कालीन संविधानसभामा दोस्रो ठूला दल र तेस्रो ठूलो दललाई वेवास्ता गर्दै चरम अवसरवादी मधेसवादी दलहरूको सहयोगमा सत्ता संचालन गर्दै उसले मधेसवादी दलहरूका जायज-नाजायत मागहरू पूरा गर्दै सत्तामा रहिरह्यो । त्यसैको परिणाम हो मधेसवादी दलहरूको हारको अर्को कारण । अहिले एमाओवादी र मधेसवादी दलहरूको अवस्था उस्तै उस्तै रहेको हुनाले केही मधेसवादी दलहरूले फेरि एमाओवादीको स्वरमा स्वर मिलाउँदै हारपछि चुनावमा धाँधली भएको अरोप लगाइरहेका छन् ।

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले मंसिर ४ गते निर्वाचन सम्पन्न भएकै दिन चुनाव निष्पक्ष, धाँधलीरहित र स्वतन्त्रपूर्वक सम्पन्न भएको भन्दै निर्वाचन आयोग, राजनीतिक दल, सुरक्षा निकाय र नेपाली जनतालाई धन्यवाद दिएका थिए, तर जब चुनावी परिणाम आउने क्रम सुरू भयो तब दाहालले चुनावमा धाँधली भएको सपना देखे ।



संविधानसभाको समयलाई पुनः निरर्थक बनाउने प्रयासमा लागेका छन् । एमाओवादीले प्रत्यक्ष तर्फबाट विजयी भएका उम्मेदवारलाई विजयी प्रमाणपत्र बुझ्न दिएको छैन भने समानुपातिकतर्फ पनि आफ्ना उम्मेदवारहरूको नामावली निर्वाचन आयोगमा नपठाउने लिँडेढिपीमा रहनुले लोकतन्त्रकै उपहास भएको छ । लाग्छ अहिले एउटा वापमन्थी पार्टीले चुनाव लडेर संविधानमै नभएको माग राखेको छ भर्ने अर्को वामपन्थी पार्टी चुनावमै भाग नलिएर बाहिरबाटै लोकतन्त्रको खिल्ली उडाउँदै हिंडेको छ । के यी सबै कार्य लोकतन्त्रको मर्म भित्र पर्छन् त ? लोकतन्त्र भनेको जनताको तन्त्र हो, अर्थात् जनताको अधिकार हो । जनताले आफ्नो अधिकार प्रयोग गरेर दल वा उम्मेदवारहरूलाई मतदान गरे । जनताले गरेको निर्णयलाई गलत भयो वा थियो भनेर छुट्याउने कार्य स्वयं जनता बाहेक अरू कसैले सच्याउन सक्दैनन् । जनताले पनि यदि गल्ती नै भए पनि निश्चित समयपछि मात्र आफ्नो गल्ती सच्याउन सक्छन् । अहिले जनताले निर्णय दिइसके, अब सबै दलहरूले जनताको मतलाई कदर गर्दै जनताले राखिदिएको हैसियतमा बसेर संविधान निर्माणको कार्यमा सरिक हुनु नै दलहरूको हितमा हुनेछ । संविधानमै व्यवस्था नगरि एको चुनाव पुनरावलोकनको माग नेताहरूको बोलीलाई नेपाली जनताले विश्वास गर्न सकेनन् र जनताले उसलाई तेस्रो स्थानमा पुऱ्याइदिएपछि अनेक प्रकारका बखेडा निकालेर संविधान निर्माणमा बाधा अवरोध गर्नु सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई उपेक्षा गर्नुबाहेक अन्य केही हुन सक्दैन ।

नेपाली जनताले २०६४ साल चैत्र २८ गते सम्पन्न भएको पहिलो संविधानसभाको चुनावमा दलहरूलाई संविधान निर्माण गर्न दुई वर्षको म्यान्डेट दिएका थिए तर दलहरूले आपसी सहमति गर्दै दुई वर्षको म्यान्डेट पाएको संविधानसभाको म्याद सतप्रतिशत थपेर चार वर्षसम्म पुऱ्याए पनि उनीहरूले जनतालाई संविधान दिन सकेनन् । बरू उल्टो संविधानसभाको हत्या नै गरिदिए । संविधानसभाको माग एमाओवादीकै हो । त्यसमा कसैको विवाद हुन सक्दैन, तर एमाओवादीकै नेता प्रधानमन्त्री भएको बेला आफूलाई हुँदै नभएको अधिकार प्रयोग गरेर संविधानसभाको हत्या गरेका हुनाले यसपालिको चुनावमा उसले नराम्रो पराजय भोग्नु परेको हो । पहिलो संविधानसभाको निर्वाचनअघि एमाओवादीले जनतासामु गरेका बाचाहरू एउटा पनि पूरा गरेन । एमाओवादीका नेताहरू सत्ता हत्याउने उद्देश्यमा मात्र सक्रिय भए । चार वर्षभित्रमा एमाओवादीका दुई/दुई नेता प्रधानमन्त्री भए । चार वर्षभित्रको समयमा दाहाल चुनाव लडेको काठमाडौं क्षेत्र नं. १० बाट आफू पराजित हुने निश्चित भएपछि उनले चुनावमा धाँधली भ एको र सरकारी संयन्त्र नै धाँधलीमा सक्रिय भएको आरोप लगाइरहनुले आफूले पहिला नै धन्यवाद दिएको अर्थ के रह्यो त ? लोकतन्त्रमा चुनावी परिणामलाई स्वीकार गर्न सक्नु राजनीतिक दलहरूको धर्म र कर्तव्य पनि हो । आफ्नो पक्षमा मत आए ठीक, आफ्नो दलले पराजय भोग्नु पर्ने अवस्था आए धाँधली भएको आरोप लगाएर अरूलाई अनिर्णयको बन्दी बनाउने अधिकार कसैलाई छैन । चुनाव गराउनको लागि खिलराज रेग्मीलाई सर्वोच्च अदालतको प्रधानन्यायाधीश पदमै कायम राखेर चुनावी सरकारको नेतृत्व दिने प्रस्ताव राख्ने एमाओवादी नै हो । एमाओवादीले आफ्नो महाधिवेशनबाटै रेग्मीलाई चुनावी सरकारको नेतृत्व दिने प्रस्तावसमेत पारित गराएर सोही अनुरूप रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउन संविधान नै संशोधन गरियो । मन्त्रीहरू पनि दलहरूकै त्यसमा पनि एमाआवादी, कांग्रेस, एमाले र केही मधेसवादी दलहरूको मोर्चाको सिफारिसमा भएका हुनाले राज्य संयन्त्रले धाँधली गऱ्यो भन्नु आफैंले आफैंलाई विश्वास नगर्नु हो । राज्य संयन्त्रले धाँधली गरेको भए किन एमाओवादीले आफूले सिफारिस

(बाकी तीन पेजमा)

# प्रचण्डजी चुनाव हारियो, राजनीतिमा नहारौं



**राजन कार्की**

भनिन्छ, उपरवालेका लाठीमा आवाज नही होती । राजनीतिमा जनता भनेका उपरवाले हुन् । तिनका लाठीमा पनि आवाज हुँदैन । गोप्य मतदान गर्छन्, मत परिणाम आउँदा दण्ड पाउनेले दण्ड पाउँछ, पुरस्कार वा अवसर पाउनेले फल पाउँछ । मंसिर ४ को निर्वाचनमा जनताले फैसला सुनाइदिए- राजनीतिक नेताभन्दा जनता कति दूरदर्शी । राजनीतिक सन्तुलन, देशभक्ति र सहीमार्ग जनताले देखाइदिएका छन्, अव त्यसको पालना गर्ने पालो राजनीतिक दलहरूको ।

प्रचण्डको नेतृत्वमा भएको जनयुद्धमा १७ हजार जनता मारिए, कुन पीडा सहेर मरे होलान् मर्नेलाई नै थाहा होला । मर्नेका परिवारजन, सारा देशबासी पल पल कुन त्रासदी र छटपटीमा बाँचेका थिए, चहराउने घाउ बोकेर बाँचिरहेका छन्, त्यसको प्रतिध्वनि पनि हो मंसिर ४ को निर्वाचनको परिणाम । फेरि कहिल्यै त्यस्तो नहोस् भन्ने सन्देश दिएका छन् जनताले ।

प्रचण्डले चुनाव हारे, आधारातमा अधमरो बनेर चिच्याउन पुगे । उनको चिच्याहठले जनताले सुने, सुनिरहे । जनता उम्लेर सडकमा पोखिन आएनन्, जनताले प्रचण्डको चिच्याहठलाई साथ दिएनन् यसपटक । प्रचण्डको भजन गाएर र आरती गरेर नथाक्ने खगेन्द्र संग्रौला, कृष्ण खनालहरूसमेतले प्रचण्डको रोदनमा साथ दिएनन् । न स्वदेशमा प्रचण्डलाई कसैले शान्त्वना दिए, न विदेशी नै समर्थन गर्न आए । प्रचण्डले नेतृत्व गरेको पार्टी 'नखाउँ भने दिनभरिको सिकार, खाउँ भने कान्छाबाउको अनुहार'को धर्मसंकटमा परेको छ । निर्वाचनमा जनताले सहभागिता जनाए, आफ्ना मत प्रकट गरे, निर्णाकत्वको भूमिका निर्वहन गरे । ताजा जनादेश भनेको जनकारवाही पनि हो । जसले देश बिर्स्यो, जनता बिर्से, कर्तव्य भुल्यो, गैरजिम्मेवार भयो, त्यस्तालाई जनताले चुनाउकै मौकामा दण्डित गर्छन् । चुनाउ भनेको 'जनकारवाही' हो । यसपटक जनताले जनकारवाही गरे, यो कारवाहीबाट बढी दण्ड प्रचण्ड र प्रचण्डको नेतृत्वको एमाओवादीको खप्परमा बज्रिन पुगेको छ । मधेस टुक्र्याएर नेपालभित्र अर्को राज्य खडा गर्ने दुस्साहसलाई पनि दुत्कारिदिएका छन् जनताले । सबैलाई मिलाएर अघि बढ्ने र लोकतन्त्रलाई संस्थागत गर्ने नेतृत्व कांग्रेस र एमालेलाई प्राप्त भएको छ ।

जनादेश आएपछि प्रचण्डले 'जनताको जय होस्' भन्न सकेनन् । आफ्नो र आफ्ना पार्टीका अवधारणा, कार्यक्रम, व्यवहारको मिमांसा गर्न चाहेनन् । किन जनताले आफूबिरूद्ध मतदान गरे, जनता रिसाउनुको कारण के हो ? भनेर खोजबिन नै गरेनन् । उल्टै एमाओवादी अहंकारको अँध्यारोमा वर्षमान पुनको नेतृत्वमा सुनियोजित, प्राविधिक र प्रक्रियागत रूपमै धाँधली गरेर चुनाव हराइयो भन्ने मनलागी रिपोर्ट तैयार गर्नतिर पो लाग्यो । चुनावमा धाँधली हुन्छ, सक्नेले सकेजति धाँधली गरेका छन् तर यसपटकको चुनाउमा एमाओवादीले स्याल हुइया गरेजस्तो धाँधली भएको होइन । विश्वभरिका पर्यवेक्षकहरूको रिपोर्टले पनि एमाओवादीको तर्क मानेन । देशैभरिका जनतामा एमाओवादीलाई कमजोरी सुधार्न दण्डित गर्नुपर्ने लहर नै चलेको रहेछ, परिणाम त्यही आयो । धन्न जनताले प्रचण्ड र एमाओवादीलाई अस्वीरका गरिदिएनन्, मात्र साइज घटुवा गरेर कमजोरी सुधार्ने मौका दिए । यो जनाआज्ञालाई शिरोधार्य गरेर प्रचण्डजस्ता शान्ति, संविधान र प्रगतिको निकास मेरो जिम्मेवारी भनेका खाइलाग्दा नेताले जनताको जय होस् भन्न सक्नुपर्थ्यो, कञ्जुसी गर्दा उनको ओजन उनी आफैले झन घटाए । प्रचण्डको इच्छाशक्ति भयो भने विकासको मूल फुट्न सक्छ भन्ने आशा राखेका जनतामा नैराश्यता बढ्न गयो ।

हिंसाको जनयुद्धलाई दिल्लीमा बिसाएर र आफू र आफ्ना सबै शक्ति जनआन्दोलनमा मिसाएर लोकतन्त्रको द्वाराबाट प्रचण्ड हतियार र लडाकु बलसहित प्रवेश गर्दा जनताले सहर्ष स्वागत गरेका थिए । ०६४ साल आयो, संविधानसभाको पहिलो निर्वाचनमा जनताले 'गर्छौं भने गरेर देखाउ' भने, उनलाई एक्कैपल्ट नेपाली लोकतान्त्रिक राजनीतिको कमाण्डर बनाइदिए । कमाण्डरले कमाण्डारीको दुरूपयोग गर्दा संविधानसभा बिघटन हुनपुग्यो र मंसिर ४ को संविधानसभाको दोस्रो निर्वाचन भयो । ०६४ को चुनाउमा बाबुरामहरूले गोर्खादेखि देशैभरि गरेको ज्यादतिलाई यसपटकको चुनाउमा प्रचण्डको पछिल्लो टेप प्रकरणले नाङ्गेझार पारिदियो । त्यस्तो ज्यादति गर्न पाउनुपर्छ भन्ने प्रचण्डको प्रत्येक बुथ दुईसय युथको ( वाईसिएल, उत्पादन ब्रिगेड) रणनीतिलाई फोटोसहितको परिचयपत्रले तुहाइदियो, जनदण्ड एमाओवादीको पिठमा बजारियो । एमाओवादी लज्जाजनक तरिकाले हाऱ्यो । यो हार, प्रचण्डको बिखण्डनवादी सोचसहितको नेतृत्व र एमाओवादीको गलत क्रियाकलापको हार हो ।

हारेपछि प्रचण्डको उर्दी जारी भएको छ- संविधान संशोधन नभए, धाँधलीको छानबिन आयोग नबने, राष्ट्रपति-उपराष्ट्रपतिको चुनाउ नहुने हो भने हामी संविधानसभा छिर्दैनौं । के भनेको यो ? लोकतन्त्रवादी कुनै नेताले यस्तो अनैतिक अभिव्यक्ति दिनसक्छ ? चुनाउ लडेको पार्टीका जितेका सभासदहरू संविधानसभा, संसद नगए कहाँ जान्छन् ? प्रचण्डजी यसरी कहाँ पुगिन्छ ? जनमतको कदर गर्नुको कुनै बिकल्प छ ? गोली हानेर र खुकुरीले जनता मारेर प्राप्त भएको प्रशस्त शक्तिलाई जनताले क्षीण बनाइदिए भनेर यसरी बर्बराउनु बुमेऱ्याङ पनि हुनसक्छ भनेर किन नबुझेको ? शक्ति हुन्जेल विदेशभक्ति गर्नमै रमाउने, जनता लडाएर सत्तारस चुसिरहने, नातावाद, फरियावाद, परिवारवादमै भुलिरहने, अन्यायमा परेकाको उद्दारका नाममा नवसामन्त बन्न लालायित भइरहने, जनताले यस्तो नालायकी चल्दैन भनेर जनदण्ड दिनासाथ होसहवास गुमाएर बेहासीमा बर्बराउने ? जनताले जुन आशा राखेका थिए, ती आशा पूरा नभएपछि जनताले तातो आक्रोस पोखेका छन्, जनआक्रोस स्वभाविक थियो, त्यो आक्रोसलाई शान्त पार्ने उपाय भनेको फेरि पनि जनसेवा, देशभक्ति र बिधिप्रतिको प्रतिवद्धता नै हो । राजनीतिक संस्कार देखाउने बेलामा जनमतलाई चेतावनी ? जनादेश मानिन्न भन्नु फेरि पनि अलोकतान्त्रिक र अतिवाद नै हो । ०६४ को चुनावको भेल थाम्न नसकेपछि पहिरो त जान्छ, ०७० को चुनावी भेलले बगायो । चुनाव फेरि फेरि आउँछ, जनविश्वास जित्ने काम किन नथाल्ने ? चेतना भया ।

यही मुलुक हो, ५ वर्ष अघिको जनआन्दोलनको भेल रोक्न नसकेर राजाले जनता यही चाहन्छन् भने नागरिक भएर बस्न मञ्जुर छ भने, आफूलाई दरवारबाट घरवारमा उतारे । यही जनता हुन्, टाउकाको मूल्य किटिएका प्रचण्डलाई जंगलबाट सिंहदरवारको सत्तामा उकालिदिए । तिनै जनताले अतिवाद, जातिवाद, भेग र भेषवाद, लूट र फूटवाद, देश टुक्र्याउवाद खारेज गरिदिएका छन् । सबै राजनीतिक दलहरू मिलेर शान्ति, संविधान, निर्माण र प्रगति गर भनेर जनताले आदेश दिएका छन् । सत्ताको केन्द्रमा रहेर निरन्तर अलोकप्रिय, अलोकतान्त्रिक र अप्रिय काम गरिरहने प्रचण्ड र उनको एमाओवादी पार्टी जनताले हराएकै होइनन् भनेर छानबिन आयोग गठन गर भन्ने माग गरिरहेका छन् । संविधानसभा अदालत छ, उनी प्रमाणसहित अदालत जान तैयार छैनन्, उनको माग मानौं महाराजाको आदेश हो, सबैले मान्नैपर्छ भन्ने उनको जिकिर छ । होइन भने भनेर नसिहत पनि दिइरहेका देखिन्छन् । जनमतभन्दा प्रचण्डमत ठूला होइनन्, जनमतभित्रका एक अंशमात्र हुन् प्रचण्ड । आफ्नो मतलाई जनमत बनाउनका लागि जनविश्वास जित्नुपर्छ, जनमान्यता पाउनुपर्छ, जनसम्मान आर्जन गर्नुपर्छ । यी सबै अवसरहरू गुमाएको अवस्था छ प्रचण्ड र एमाओवादीले । जनमत, जनविश्वास र जनसम्मान आर्जन गर्न आगामी ५ वर्षसम्म जनताका पक्षमा उभिएर काम गर्न सक्नुपर्छ, त्यसपछि अहिले गुमाएको फल प्राप्त हुनसक्छ । 'जबरजस्ती, जानेको छ' भन्ने बाहुबली घुर्की र चेतावनीले सार्वजनिक भइसकेको जनादेश परिवर्तन, पुनरावलोकन हुन सक्दैन । जनअभिमत खेलवाडको विषय होइन । विश्व मान्यता यही हो, लोकतन्त्रको सुन्दरता पनि यही हो । नेपाल यहीं रूमल्लियो भने एकवर्षमा संविधान बन्न सक्दैन । प्रचण्ड शान्ति र संविधानका पक्षमा छन् कि छैनन् भन्ने यक्ष सवालको जवाफ उनका दिनदिनैका व्यवहार र नेतृत्व क्षमताले प्रष्ट पार्नेछ ।

अहिले त जनताले सुधारिने मौका दिएका हुन् । प्रचण्ड एण्ड कम्पनी सुधारिन्न, उसका शेषनाग, नन्दीभृङ्गी, चतुषष्ठी, चौसठ्ठी योगिनीरूपी वाइसिएल, उत्पादन बिग्रेड, लडाकाहरू र मंगलसेन भूमिकाका नेताहरू संवेदना, संयमितता गुमाएर जनादेशविरूद्ध सडक संघर्षमा उत्रिने काम गरे भने त्यतिबेला जनयुद्धमा मारिएकाहरूको काँचोवायु बक्न थाल्ने बढी सम्भावना छ । काँचो वायु बनेर १७ हजार वीरेन्द्र साह, प्रकाश ठकुरी, ज्ञानेन्द्र खड्का, मुक्तिनाथ, टिका विष्टहरू बक्दा कुन प्रकारको जनसुनामी उर्लेला, त्यतातिर पनि विचार पुऱ्याउनु उपयुक्त हुनेछ । किनभने माओवादीले 'राजनीतिक सत्ता बन्दुकको नालबाट निस्कन्छ' भन्ने माओको नीति र स्टालिनको पिपुल्स डेमोक्र्यासीलाई कुल्चेर अघि बढेको ८ वर्ष भइसक्यो । फर्केर उतै जान्छु भनेर फर्कने कुनै पुल र कम्युन बाँकी छैन । कम्युनहरूमा कम्युनिष्ट होइन, लोकतन्त्र मनपराउने नागरिक रहेछन्, नागरिक बस्छन् भन्ने यथार्थ मंसिर ४ को जनादेशले देखिइसक्यो ।

प्रचण्ड र उनका 'लाल सलाम गर्ने' रथी, महारथी, कमरेडहरूले जनतालाई दोष दिने ठाउँ छैन । किन छैन भने जनताले प्रचण्डलाई महानायक बनाएकै हुन् । बादशाह जब 'वैज्ञानिक पारदर्शी लुगा' लगाएको स्वाङ् रचेर नाङ्गै हिड्छ भने जनताले 'किन नाङ्गै हिडेको भनेर सम्झाउनै पऱ्यो ?' जनसन्देश बुझ्नेका लागि मंसिर ४ को चुनाउ परिणाम जनताको त्यही सम्झौटो हो । सम्हालिने, सही काम गर्ने हो भने प्रचण्डहरूका लागि लोकतान्त्रिक स्वर्ग अझै पनि प्रतिक्षारत छ । रूसोले भनेका छन् 'नैतिक कामले समाजको समस्या हल गर्न सकिन्छ ।' यतिबेला प्रचण्ड एण्ड कम्पनीको नैतिक काम, नैतिक संस्कार र देश तथा जनताप्रतिको इमान्दारिता समाजका समस्याको हल र राजनीतिक निकासका लागि अत्यावश्यक छ । प्रत्येक नेपालवादीहरू प्रचण्डको जनमतमाथिको प्रहार होइन, जनताले देखाएको राजमार्गतिरको यात्रा हेर्न लालायित छौं । के प्रचण्ड 'राजनेता' बन्ने राजमार्गका यात्री बन्न उत्साहित होलान् ?

**प्रचण्डले चुनाव हारे, आधारातमा अधमरो बनेर चिच्याउन पुगे । उनको चिच्याहठले जनताले सुने, सुनिरहे । जनता उम्लेर सडकमा पोखिन आएनन्, जनताले प्रचण्डको चिच्याहठलाई साथ दिएनन् यसपटक । प्रचण्डको भजन गाएर र आरती गरेर नथाक्ने खगेन्द्र संग्रौला, कृष्ण खनालहरूसमेतले प्रचण्डको रोदनमा साथ दिएनन् । न स्वदेशमा प्रचण्डलाई कसैले शान्त्वना दिए, न विदेशी नै समर्थन गर्न आए । प्रचण्डले नेतृत्व गरेको पार्टी 'नखाउँ भने दिनभरिको सिकार, खाउँ भने कान्छाबाउको अनुहार' को धर्मसंकटमा परेको छ । निर्वाचनमा जनताले सहभागिता जनाए, आफ्ना मत प्रकट गरे, निर्णायकत्वको भूमिका निर्वहन गरे ।**

## संविधानसभालाई...

गरेका मन्त्रीहरूलाई फिर्ता बोलाउन सकेन ? निर्वाचन आयोगका पदाधिकारीहरू पनि तत्कालिन चार दलीय सिन्डिकेटकै सिफारिसमा नियुक्त भएका हुन् । त्यहाँ पनि एमाओवादीको सिफारिसमा आयुक्त नियुक्त भएका छन्, आयोगबाटै धाँधली भएको भए ति आयुक्तले सबै कुराको सार्वजनिक जानकारी दिंदै आयुक्त पदबाट राजिनामा दिन सक्थे, तर तिनै आयुक्त अहिले धाँधली नभएको बताइरहेका हुनाले एमाओवादीले लगाएको आरोपलाई स्वीकार गर्न सकिने अवस्था नै छैन । त्यसैले अब संवैधानिक प्रक्रिया अनुसार संविधानसभा अघि बढ्नै पर्छ । कुनै एउटा दल वा समूहले संविधानसभा बाहिष्कार गऱ्यो भन्दैमा संवैधानिक प्रक्रिया अबरूद्ध हुन सक्दैन र हुनु पनि हुँदैन ।

चुनावको बेला सानातिना कुराहरूमा केही त्रुटी भएका हुन सक्छन् । तर त्यसैलाई आधार मानेर पुरै चुनावमा धाँधली भयो भन्नुमा कुनै तुक छैन । एमाओवादीको भाषामा भन्ने हो भने कांग्रेस, एमालेका उम्मेदवार बाहेक अन्य सबै दलका उम्मेदवारहरूलाई षड्यन्त्रमूलक ढंगले हराइयो भनिएको छ, तर व्यवहारमा त्यस्तो देखिको छैन । राजेन्द्र महतोलाई महेन्द्र यादवले हराएका हुन् । कांग्रेस एमालेका उम्मेदवारले हराएका होइनन् । कपिलवस्तु क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवारले जितेका छन् । यदि माओवादीले भनेजस्तो नै भएको भए त्यहाँ किन स्वतन्त्र उम्मेदवारले चुनाव जिते । त्यसैगरी महोत्तरी ४ बाट पनि राजनीतिक व्यक्ति नै नभएका र कहिल्यै चर्चामासमेत नआएका स्वतन्त्र उम्मेदवार चन्द्रेश्वर झाले चुनाव जितेका छन् । यहाँनेर प्रश्न उठ्न सक्छ के काँग्रेस एमालेले षड्यन्त्र गरेरै स्वतन्त्र उम्मेदवारहरूलाई जिताएका हुन् त ? यी सबै तथ्यहरूलाई केलाएर हेर्ने हो भने एमओवादीको आरोपमा कुनै सत्यता छैन तर उसले आफ्नो पार्टीको हारको कारण खोज्नुको बदला आफ्ना कार्यकर्ताहरूलाई भूलभूलैयामा राख्नैको लागि हारको दोष अरूमाथि लगाएर पार्टी नेता र कार्यकर्ताहरूबीच आफू साखुल्ले बन्ने जुन रणनीतिक चाल चलेको छ, त्यसले एमाओवादी नेतृत्वलाई कहिल्यै फाइदा पुऱ्याउँदैन । साँचो कुरा आफ्ना कार्यकर्ताहरूलाई भन्न सक्नै पर्दछ । जनताले एमाओवादीका नेताहरूका कुरालाई नपत्याएकै हुन् । पछिल्लो समयमा एमाओवादीका अध्यक्ष दाहाललाई जनताले ढँटुवा नेताका रूपमा चिनेका छन् । उनी ठाउँ र परिस्थिति हेरेर जे पनि बोल्न सक्छन्, बोलिदिन्छन् तर बोली कहिल्यै पूरा गर्दैनन् । त्यसको पछिल्लो उदाहरण हो आफ्नै कार्यकर्ताहरूले गुडीरहेको बसमा यात्रुलाई बाहिर आउनसमेत नदिई आगो लगाइदिए । ३७ जना यात्रुले ज्यान गुमाए, केही समय पहिला दाहाल चितवनमा पुगेर माडी काण्डमा घाइते भएकाहरूलाई आफूले राहत प्याकेज ६० लाख लिएर आएको बताउँदै पार्टीले पनि सहयोग गर्ने बताएका थिए । ६० लाख मन्त्रिपरिषद्बाट पारित भएको भन्दै जनतालाई ढाँटेर आफ्नो पार्टीलाई मत दिन आग्रह गरे पनि आजका दिनसम्म माडी घटनाका पीडितले एक रूपैयाँसम्म राहत पाएका छैनन् । न त उनको पार्टीले नै पीडितलाई सहयोग गरेको छ । यसरी जनतामाझ गएर ढाँट्ने अनि जे पायो त्यही बोल्ने र उडन्ते कुरा गर्ने अध्यक्ष दाहालको प्रवृत्ति नै एमाओवादीको हारको कारण हो ।

एमाओवादीले असाध्यै महत्वकांक्षी सपना पहिलो संविधानसभामा पनि बाँडेको थियो । त्यसबेला जनताले पत्याएका पनि थिए, तर मंसिर ४ मा सम्पन्न भएको चुनावमा पनि त्यस्तै सपना बाँडिएको भएपनि जनताले त्यसलाई पत्याएनन् र एमाओवादीका उडन्ते कुरा भन्दै हावामा उडाइदिए । पुरा गर्नै नसकिने सपनाहरू बाँड्नुभन्दा बरू चुपचाप लागेर जनतासामु जानु नै उचित हुन्छ । एमाओवादीले पाएको अवसरमा जनताले कति शान्ति सुरक्षाको अनुभूति गर्न सके । गरी खाने मान्छेलाई गरी खाने बाटोमात्र देखाइदिएका भए, जनता यसरी एमओवादीसँग चिढिने नै थिएनन् । त्यसैको अर्को परिणाम हो एमाओवादीको हारको कारण । नेकपा-माओवादीका उपाध्यक्ष सीपी गजुरेलको भनाइलाई सापटी लिने हो भने चुनावमा कांग्रेस एमालेले जितेकोमा जनता खुसी भएका होइनन् गद्धारहरू पराजित भएकोमा खुसी भएका हुन् । यस शब्दमा आ-आफ्नै दृष्टिकोण भए पनि यसपालिको चुनावमा जनताले एमाओवादी र मधेसवादी दलहरूलाई दण्डित गरेकै हुन् र कांग्रेस, एमालेलाई समेत चेतावनी दिएका छन् । सहमति गर्दै अगाडि बढ् नत्र अर्को चुनावमा... ।

# Bleak prospects of talks with TTP

**Mohammad Jamil**

Going by the statement of Interior Minister Chaudhry Nisar Ali Khan, a peace process and dialogue between Government of Pakistan and the TTP was imminent, which was sabotaged by the drone attack that killed its Supremo Hakimullah Mehsud. His statement was contentious, and his detractors disbelieved him. Since the Tehrik-i-Taliban Pakistan (TTP) has elected a hardliner Taliban leader Mullah Fazlullah as their new chief, the prospects of talks are bleak. “There will be no more talks as Mullah Fazlullah is already against negotiations with the Pakistan Government,” said the TTP spokesman, rejecting the idea of any further peace talks.

Fazlullah, whose men shot Malala Yousufzai last year, led the Pakistani Taliban’s brutal two-year rule in North-Western Swat valley in 2007-2009 before a military operation retook the area. He fled across the border to Afghanistan and is now believed to operate from Nuristan Province. That point besides, Indian leadership was against such talks, and used overt and covert means to support some TTP leaders to undertake suicide attacks or use IEDs for blasts in sensitive areas and elsewhere in Pakistan.

Recently, US-led NATO/ ISAF commander endorsed Pakistan’s assessment and viewpoint that Kabul-New Delhi nexus were harboring safe havens across Durand Line. He further contended that Indian agencies, in connivance with Afghan NDS, conduct subversive activities inside Pakistan to derail the peace process between Government of Pakistan and TTP. In this regard arrest of TTP’s deputy chief Latifullah Mehsud by US Special Forces revealed that terrorist attack in Upper Dir targeting Major General Sanaullah Khan Niazi was undertaken by Indo-Afghan nexus. He confessed that terrorist attacks against Peshawar Church, in Qissa Khawani Bazar and on an official bus of Peshawar Secretariat were also planned and sponsored by Indian intelligence agencies working in Kabul. This goes to prove that Indian RAW and NDS of Afghanistan have made inroads in the militants’ groups. However, Pakistan has been on the defensive and did not expose Indian shenanigans, fearing that peace process with India may get derailed, though many incidents revealed clear signs of Indian involvement.

On the other hand, India found it convenient to further blackmail Pakistan on peace process. Indian scholars and writers openly suggested that a proxy war inside Pakistan would accrue India benefits as Pakistan will be weakened. Consequently, India continues its efforts to destabilize Pakistan by supporting TTP militants in conducting acts of terrorism inside Pakistan. During Operation Rah-e-Raast in Swat, 23 militant commanders of TTP were arrested, who had confessed before a Joint Investigation team that India, through RAW and Afghan NDS, supported militants in Pakistan to conduct target killings, bomb blasts, suicide attacks, assaults on civil and military installations and forced abductions. On the other hand, Pakistan wants to see stable Afghanistan and making sincere efforts to bring the Taliban on the negotiating table. Pakistan’s sincerity in improving relations with India is also beyond any doubt; and PML-N government vows to mend fences with India and to resolve all the outstanding disputes through dialogue. However, India’s deep-seated animosity against Pakistan has proved detrimental to holding meaningful talks to bring sustained peace in South Asia.

The reports by Pakistan’s intelligence agencies and other government functionaries, and investigating reporting by patriotic media go to prove that Indian agencies are involved in different terrorist attacks in Pakistan. Of course, War on Terrorism (WoT) provided India an opportunity to conduct proxy war against Pakistan. This war is hurting the innocent civilians, women and children. Such situation has provided opportunity to the enemies of Pakistan. Pakistan is the worst hit by the vile phenomenon of running-wild extremism; so much so. In the past, Governors of Balochistan and Khyber-Pakhtunkhwa had many a time mentioned about foreign countries’ involvement in promoting and fostering terrorism in Pakistan.

Unfortunately, Pakistan is passing through the most critical and testing times of its history. The people indeed are currently going through the harrowing experiences they had not undergone before in their lifetime. A multifaceted monstrosity of terrorism is mowing down the people across the spectrum. The security personnel are not safe from its thuggery; what to speak of insecure civilians. Thugs of sectarian, ethnic, nationalist and anti-state brands as well as foreign proxies are playing holi with the nation’s blood. . Taking advantage of this situation, foreign countries are working against the interests of Pakistan while their propaganda machines and media openly describe Pakistan as a country that sponsors terrorism. They do not let any opportunity go waste to paint Pakistan and its institutions in bad light.

Pakistani leaders, media, analysts and intellectuals appear to be apologetic and defensive in their approach, what to talk of responding to such nefarious allegations. This is extremely frustrating and demoralizing, as Pakistan is not sponsoring terrorism, and Indian allegations are totally unfounded. The aim is to create a sense of mistrust between leaders and the people of Pakistan while stirring conflicts between different segments of society. During debate in the National Assembly on the issue of drone attack that killed Hakimullah Mehsud, Pakistan’s Interior Minister Chaudhry Nisar Ali Khan in his address said that he had evidences about the elements that were involved in attack on Church in Peshawar apart from other bomb attacks. He, however, did not name the countries or alien agencies. As stated earlier, Pakistan remained on the defensive, and did not respond to the Indian propaganda. It should be counter the false allegations of India; it should rather expose Indian sinister designs against Pakistan.

# Drones Dilemma and Terrorism

Pakistan is facing a dilemma. If the government does not take stern action against militants, or it crastinates on initiating a dialogue due to the delaying tactics of the TTP, the latter gets the breathing space and time to reorganize. After being decimated in Swat and Malakand and elsewhere, Pakistani Taliban reorganized and came back with full force. On the other hand, the US feels that the time is running out. If peace is not restored through dialogue, it would face tremendous problems at the time of withdrawal from Afghanistan.

It was perhaps because of frustration or to showcase its credibility that the US took out the head of the banned Tehreek-e-Taliban Pakistan (TTP). Hakimullah Mehsud was killed along with at least six others in a US drone hit near Miranshah, dealing a major blow to the militant network. “We confirm with great sorrow that our esteemed leader was martyred in a drone attack,” a senior Taliban commander told Reuters. The others killed in the attack included Hakimullah’s deputy Abdullah Behar, his bodyguard Tariq Mehsud, driver Abdullah Mehsud and an uncle, a security source said.

Hakimullah Mehsud was reportedly there to attend a gathering of 25 Taliban leaders to discuss the government’s offer of talks. Federal Interior Minister Chaudhry Nisar Ali Khan termed the US drone strike that killed the TTP commander as an attempt to sabotage the government’s plan to hold talks with the TTP.

“The attack has severely damaged expected talks with the Taliban. We condemn it. He also stated that a three-member government team was ready to leave for Waziristan to negotiate with the TTP to strike a peace deal with Taliban.

Last month, Hakimullah Mehsud had told a BBC journalist that he would guarantee the protection of government negotiators in order to start a discreet dialogue rather than trying to negotiate through the media. The TTP had categorically stated that no talks could be initiated unless drone attacks are completely stopped. TTP on its part was neither prepared to announce a ceasefire nor to agree to holding talks under the Constitution of Pakistan. After attack on the Church in Peshawar, Hakimullah Mehsud had said that TTP or its affiliated group was not involved in attack on the Church, and at the same time he had justified the attack by saying it was in accordance with dictates of sharea. He should realize that according to Islamic injunctions Islamic or Muslim state is supposed to protect the life and property of the minorities.

As regards drone attacks, Pakistan has long been opposing them and considered as a violation if its territorial integrity. Pakistani Taliban were also demanding of the government to get the US drone strikes stopped before talks can start. Despite these statements, the government spokesman has been telling the nation that indirect talks are being held.

Prime Minister Nawaz Sharif said “process of dialogue” had started, and Interior Minister Chaudhry Nisar Ali Khan said “structured, formal” talks with Tehrik-i-Taliban Pakistan (TTP) militants would soon be initiated. But Shahidullah Shahid, the main spokesman for the TTP told news agency AFP that “there had been no overtures. No one has yet contacted us”. ur

Last month, the TTP had issued a list of preconditions including the release of all its members held in Pakistani jails and the withdrawal of troops from the tribal areas along the Afghan border, where the militants have hideouts.

Before the drone attack that killed Hakimullah Mehsud, TTP spokesman had reiterated these demands and said the government must fulfill them to prove they are serious about talks. As the TTP militants continued their attacks on military and civilians, yet some political and religious parties have been pressurizing the government that it should enter into dialogue with the militants. The TTP’s spokesman is on record having said that the TTP never made an offer for talks. The TTP seems to be changing goalposts, and also try to create confusion by denying its involvement in one incident while owning the other.

However, All Parties Conference had passed a resolution that dialogue with the militants was the first option to bring peace to the country. Despite that overture, Major General Sanaullah Niazi, was killed in a roadside bomb attack in Upper Dir district after they were returning from visiting forward posts along the Afghan border.

Tehrik-e-Taliban Pakistan had claimed the responsibility for the attack. After killing 40000 innocent citizens in suicide attacks, through IEDs and bombings, and having martyred 5000 army personnel and disabled in equal numbers, TTP militants should think what service they have done to the country and Islam.

Some political and religious figures often justify militants’ vile activities on grounds patently spurious. It is now for the civilian and military leadership to think out a strategy, which indeed they should have done long time ago, but apparently have not done so far. Extremism has indeed become the biggest internal threat to the country; rather it has turned into a dreadful threat to its very existence.

The perpetrators of terrorism are laying claims to religious motivation, albeit very dubiously. The way they destroyed schools, shrines and attacked mosques and worshippers knocks the bottom of their pretense of being practicing Muslims. The sophisticated weaponry militants possess and use; the fighting expertise they display and unlimited funds they have go to prove that they are not religiously motivated but the proxies of certain alien powers. Unfortunately, our past and present governments have been hesitant to name the countries that support the militants. They should start telling the truth.

***Jamil***

## खोटाङमा कृषि मेला हुने

खोटाङ । जिल्लामा दुईदिने बृहत् कृषि मेला सञ्चालन गरिने भएको छ । मंसिर २९ र ३० मा आयोजना गरिने मेला स्थानीयलाई कृषि व्यवसायमा प्रोत्साहन गर्ने उद्देश्यले कृषि दिवस अवसर पारेर गरिन लागेको हो ।

जिल्लाका विभिन्न ठाउूमा उत्पादित कृषि उपजको प्रचार-प्रसार एवं प्रतिस्पर्धा गराउूदै उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकलाई पुरस्कृत गर्न मेला आयोजना गरिने कृषि विकास कार्यालय खोटाङका वरिष्ठ कृषि विकास अधिकृत बालगोविन्द पाठकले बताए ।

दुईदिने कृषि मेला प्रदर्शनीमा विभिन्न प्रजातिका खाद्यबाली, फलफूल, तरकारी समूह, सागपात, दलहन तथा तेलहन समूह, आलु, अलैूचीलगायत स्थानीय रैथाने जातका कृषि स्टल राखिनेछन् । मेला आयोजनाका लागि पाठकको संयोजकत्वमा ९ सदस्यीय मूल व्यवस्थापन समिति गठन गरिएको छ । बृहत् कृषि मेला प्रदर्शनी एवं कृषि दिवस अवसरमा जिल्लाका उत्कृष्ट पाूच कृषकलाई प्रतिव्यक्ति पाूच हजारका दरले पुरस्कृत गरिने कृषि विकास कार्यालयले जनाएको छ ।

# मधेशवादले अपराधशाला बन्यो मधेस

■ **राजेश वर्मा**

तराई क्षेत्र यतिवेला राज्य पक्ष र सशस्त्र हतियारधारी समुहहरूबीच वार्ताको नाटक भित्र अघोषित ईनकाउण्टर गर्ने मैदानको रूपमा थलो बन्दै गइरहेको छ । बिस्तारै तराईका जिल्लाहरू अपराधी जन्माउने कारखानाको रूपमा अग्रसर हुदैंछ । तराईलाई स्वतन्त्र राज्य बनाउने माग लिएर सशस्त्र विद्रोहमा उत्रेका र विभिन्न आपराधिक कृयाकलापमा संलग्न हतियारधारी समुहहरूलाई वार्ताको माध्यमबाट शान्तिपूर्ण राजनीतिको मुलधारमा ल्याउने औपचारीक प्रयास सुरू भएको ६ महिना नाघेको छ । वार्ताको यो प्रयास वैलगाडाको गति भन्दा पनि सुस्त गतिमा अगाडी बढिरहेको छ ।

राज्य पक्षसंग वार्ता गर्ने भनि सशस्त्र समुहहरू र तिनका नेता तथा कार्यकर्ताहरू धमाधम सार्वजनिक भएका छन् । युद्ध विरामको घोषणा पनि गरिएको छ । सरकार र सशस्त्र विद्रोही पक्षहरू विच काठमाडौं, जनकपुर, सप्तरी र भारतीय सहरहरूमा पटक पटक औपचारीक तथा अनौपचारीक वार्ता समेत भएको छ । तर वार्तामा आएका सशस्त्र समुहहरूले भने आफैले घोषणा गरेको युद्ध विराम आफैले उल्लंघन गरि तराईमा हत्या, हिंसा, लुटपाट, चन्दा, अपहरण र फिरौती जस्ता आपराधिक कृयाकलापलाई जारी नै राखेका छन् । यता राज्य पक्षले पनि शान्ति सुरक्षाको नाममा सशस्त्र समुहका कार्यकर्ताहरूलाई पक्राउ गर्ने र यातना दिने तथा ईन काउन्टर गर्ने कृयाकलापलाई जारी राखेको छ । विगत दुई महिनामा सिराहामा सशस्त्र हतियारधारी समुहबाट दर्जनौं अपहरण र लुटपाट भएको छ । ४ जनाको हत्या पनि भएको छ भने राज्य पक्षको सुरक्षा निकायबाट ५ जना इनकाउन्टरको नाउँमा मारिसकिएका छन् ।

वार्ता गर्ने भनी सर्वाजनिक भएका सशस्त्र समुहहरूले अहिले तराईका गाउंहरूमा खुलेआम सैनिक भर्ना अभियान संचालन गरी कमाण्डो तालिम पनि संचालन गरिरहेका छन् । प्रहरी प्रशासन भने किंकर्तव्य विमुढ भएर मौन वसिरहेको छ । कार्वाही चलाउ भने वार्ता चलिरहेको छ तर केही नगर्दा कमाण्डो तालिम चलिरहेको दृश्य आँखै अगाडी छ । प्रहरी अधिकृतहरू के गर्ने के नगर्ने को स्थितिमा पुगेका छन् ।

वार्ताको प्रसंग उठाउँदा एउटा निक्कै चाख लाग्दो रोचक पक्षलाई हामीले चाहेर पनि बिर्सनु हुदैंन । त्यो के हो भने बिगतका दिनमा बिभिन्न आपराधिक क्रियाकलाप, हत्या, डकैती, अपहरणमा संलग्न भएकाहरू पनि अहिले वार्ताको नाउँमा धमाधम जेलमुक्त भइरहेका छन् । यसको पछिल्लो उदाहरण हो सिराहा कारागारबाट जेल ब्रेक गरी फरार भएका जनतान्त्रिक तराई मुक्ति मोर्चा ( बिष्फोटसिंह) समूहका केन्द्रिय अध्यक्ष बिष्फोट सिंह अर्थात रामशंकर साह आज न भोली सुरक्षाकर्मीको ईनकाउन्टरमा मारिन्थे नै होला उनी तर, सिंह पछिल्लो पटक वार्तामा रहेको संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको सदस्यता लिएर कानुनबाट उम्किन सफल भएका छन् । उनी मात्रै होइन भर्खरै सरकारले फागुन १० बीरगंजमा वार्ता गरेको लिबरेशन टाईगर्स अफ तराई इलमका वार्ता संयोजक स्वामी भनिने रामलोचन ठाकुर विगतमा पूर्व सांसद तथा सिराहा जिल्लाका प्रभावशाली नेता कृष्णचरण श्रेष्ठ तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका तत्कालिन सन्हैठा गाबिसका पूर्व अध्यक्ष राजेश्वर यादबको हत्याकाण्डमा मुछिएका व्यक्ति भएपनि वार्ताको नाउँमा जेलमुक्त भएका छन् । यतातर्फ सशस्त्र प्रहरीको जवानले हातमा ज्यान राखेर आपराधिक कृयाकलापमा संलग्न रहेकालाई पक्राउ गरिरहेका छन् भने अर्कोतर्फ पक्राउ परेकाहरू वार्ताको नाउँमा तथा बिभिन्न राजनैतिक दलको संरक्षणको नाउँमा मुक्त हुने क्रम पनि सोही समिकरणमा बढदो छ । झट्ट हेर्दा प्रहरी सकृयता बढेको देखिन्छ । सशस्त्र प्रहरीको गस्ती घुमेको देखिन्छ तर चन्दा आतंक, अपहरण र हत्या भने रोकीएको छैन । सिराहा कारागार तोडेर भागेका ५४ जना कैदीहरू खुलेआम सिराहाको बजारहरूमा घुमिरहेका छन् । जेल तोड्ने मुख्य योजनाकार तथा प्रहरी खोजी सुचीमा रहेका विस्फोट सिंह (रामशंकर साह) त वार्ताटोलीका सदस्य भएर आएका छन् र प्रहरीले उनलाई सुरक्षा दिनुपरेको छ । यस्तो विडम्वना पूर्ण स्थिति छ तराईमा । तराईमा अराजक स्थितिले चरम सीमा नाघेको छ । जिल्ला प्रहरी कार्यालय भित्रै पसेर पार्टीका नेताहरूले प्रहरी अधिकृतहरूलाई हप्काएको र गालि गरेको सुनिन्छ र देखिन्छ । साना साना घटनामा राजमार्ग वन्द गरिन्छ । सर्वसाधारणको के कुरा जनतालाई सँचना पस्किने पत्रकारहरूलाई पनि आफँले भने अनुसार समाचार संप्रेषण गर्दा वा नगर्दा ज्यान मार्ने धम्की आउँछ । सशस्त्र समुहहरूलाई चन्दा नवुझाउने व्यापारी तथा धनी मानिसहरू विरलै भेटिन्छ ।

यो अराजकतामा सशस्त्र समुहहरू जति कै जिम्मेबार प्रहरी तथा प्रशासन पनि रहेको छ । हतियार सहित प्रक्राउ परेका व्यक्तिहरू सजिलै छुटेर आएको र पुनः हतियार देखाएर लुटपाट गर्ने र अपहरण कार्यमा संलग्न पाइएको छ । ५० हजार घुस लिएपछि प्रमुख जिल्ला अधिकारीले हात हतियार खर खजानामा मुद्दा लागेर थुनामा रहेका अभियुक्तहरू राजनैतिक वा तारेखमा छाड्ने गरेका छन् । कतिपय अभियुक्तहरू राजनैतिक पार्टीका नेताहरूको सिफारिसमा पनि थुनामुक्त हुने गरेका छन् । हतियार सहित पत्राउ परेका र जेलबाट फरार व्यक्तिहरू खुलेआम सहरमा घुमेको देखेर आम जनताहरू भन्ने गर्छन भलो व्यक्तिको जमाना गयो र गुण्डाहरूको दिन फिरेको छ ।' यसमा चाख लाग्दो बिषय के छ भने आजभोली यस्तो व्यक्तिलाई जन दवावमा कानुनको दायरामा ल्याउन खोजिएपनि यिनीहरूको पक्षमा नै अधिकांश व्यक्तिको जनसमर्थन आउने गरेको छ । कारण हो सर्वसाधारणलाई परेको समयमा स्थानीय प्रहरी प्रशासन तथा राजनैतिक दलले सहयोग गर्न सक्दैनन तर,यस्ता व्यक्तिले सजिलै सहयोग गर्ने भएकाले पनि जनसमर्थन पर्याप्त हुन्छ । अर्को आतंक छ 'अज्ञात समूह' ईच्छा लागे जस्तो सुकै घटना घटाउने र कानुनबाट बच्न सजिलो भएको छ जिम्मेबारी 'अज्ञात समूह' को नाउँमा लिएर । यस्ता अज्ञात समूहलाई जन्म दिएका छन अर्थात दिई रहेका छन बिभिन्न स्थापित राष्ट्रिय राजनैतिक दल,क्षेत्रीय दल तथा स्थानीय प्रहरी प्रशासनहरूले ।

तराईका हरेक राजनैतिक दल र क्षेत्रीय दलले आफनो अभिष्ट पुरा गर्न र वर्चस्व कायम गर्न एउटा अज्ञात समूह चलाईरहेका छन् भने प्रत्येकले एउटा सशस्त्र समूहलाई संरक्षण दिएर राखेको छ । जसका कारण तराई आज आपराधिक व्यक्ति जन्माउने पाठशालाको रूपमा रूपान्तित हुदैं गएको छ । तराईका जिल्लाहरूमा जति पनि हत्या र अपहरण भएको छ त्यस बिषयमा साच्चिकै गहन रूपमा अध्ययन र अनुसंधान गर्ने हो भने त्यस घटनामा स्थापित राजनैतिक, क्षेत्रीय दल र स्थानीय प्रशासन अछुतो रहन नसकेको बिरलै पाईन्छ । पेशाको रूपमा हिजोसम्म कृषिक्षेत्रमै आफनो भविष्य खोज्ने सर्वसाधारणहरू अहिले झण्डै तराईका ९० प्रतिशतको हाराहारीमा सर्वसाधारण राजनीतिलाई पेशाको रूपमा चुनेका छन् । जसका कारण कृषिजन्य बस्तुको उत्पादन हवात्तै समाप्त भएको छ र राजनीतिलाई आफनो पेशा बनाएकाहरू समाजमा आफनो वर्चस्व कायम राख्न र जिविकोपार्जनका लागि बिभिन्न गैरकानुनी र आपराधिक कृयाकलापमा संलग्न हुन थालेका छन् । जस कारण तराई बिस्तारै 'ओरिजिन अफ क्रिमिनल प्लेस' को रूपमा चिनिन थालेको छ । यस बिषयमा

## राष्ट्रपतिमा च्याल चुहियो

काठमाडौं । निर्वाचन परिणाममा दोस्रो भएपछि बुलन्द हौसलाका साथ सरकारमा उक्लन लागेको एमालेले काँग्रेस सभापति सुशील कोइरालासमक्ष 'आधा हिस्सा' को माग पेश गरिसकेको छ । सरकारको नेतृत्व काँग्रेसले र सुशील कोइरालाले नै गरे हुन्छ तर राष्ट्रपति आफू बन्न चाहेको माधव नेपालले बताइसकेका छन् । राष्ट्रपतिका लागि आफ्नो चयन होस् भनेर माधव नेपालले 'कूटनीतिक प्रयास' समेत अघि बढाएको चर्चा व्याप्त भइसकेको छ ।

वर्तमान राष्ट्रपति डा. रामवरण यादव नेपाली काँग्रेसका पुराना नेता हुन् । उनले राजीनामा दिने कि नदिने ? उनको हैसियत के हुन्छ ? निर्वाचित संविधानसभाले नयाँ राष्ट्रपति निर्वाचित गर्न सक्छ कि सक्दैन ? अनेक बहस सतहमै सुरू भइसकेको देखिएको यो स्थितिमा संविधानसभा, संसद्को दोस्रो ठूलो दलले राष्ट्रपतिको हिस्सा खोज्नु जायज छ भन्ने आवाजहरू पनि उठ्न थालेका छन् । तर काँग्रेसले सरकारको नेतृत्व गर्न गइरहेकाले उसलाई सत्ता सञ्चालन गर्न सजिलो हुने हुँदा माधव नेपालले च्याल चुहाएको दृश्यलाई खासै महत्व दिइरहेको छैन । सभापति कोइराला राष्ट्रिय सहमतिको खोजमा निस्किसकेका छन् । कोइरालाका लागि यस पटक देउवा पक्षले कुनै अल्झन हालिसकेको छैन । यस कारण पनि सुशीललाई सजिलो परेको छ । प्रश्न यति छ कि एमालेले माधव नेपाललाई राष्ट्रपति बनाउन सक्ला ? एमालेका अध्यक्ष झलनाथ मान्लान ? प्रश्न गम्भीर छ ।



# यसपाली निकै खुले मधेसी महिला

रुद्र सुवेदी

लोग्ने मानिसको अगाडि केही बोल्यो कि 'संस्कार नभएकी' भनेर लान्छना लाग्ने डर महिलामा कायमै छ । आफ्ना दुःख र समस्या श्रीमान, ससुरा, जेठाजु, देवरलाई भन्नै नहुने । सासु र नन्द अमाजुले सुन्दै नसून्ने सामाजिक संस्कारबीच मधेसी महिलाहरूलाई रीति रिवाजले पनि कमजोर बनाउने गरेको छ । खासगरी तराईका अवधिभाषी महिलाहरू यसको सिकार हुने गरेका छन् । संस्कारको दुहाई दिदै गरिंदै आएको बालविबाहको कारण यहाँका महिलाहरू सानो उमेरमा नै विभिन्न रोग र पीडाको सिकार बन्न विवश छन् । उनीहरू सानो उमेरमै विवाह बन्धनमा बाँधिदा पाठेघर सम्बन्धि रोगबाट ग्रसित हुन पुगेको तथ्य भेटिएको छ ।

हुनत : तराई तथा समथर ठाउँ भएकोले यहाँका महिलाहरूमा आङ्ग खस्ने (पाठेघर) को समस्याले पीडित छु भन्दा कसैले पनि नपत्याउने र कसैले थाहा पाए विभिन्न लान्छना लगाउदै लख काट्ने चलन हाम्रो वरिपरि व्याप्त छ । यस्तो चर्चा चुलिएर घरपरिवारले थाहा पाएमा आफूलाई घरबाट निकाल्ने पो हुन कि भन्ने डरले यहाँका महिलाहरू रोग र पीडा लुकाएरै बस्ने गरेका छन् ।

सानै उमेरमा बैबाहिक जीवनमा होमिन बाध्य बाँके शमशेरगञ्ज-५ चौधरीटोलकी मिना आर्य एकबर्ष अघिसम्म पाठेघर खस्ने समस्याबाट ग्रसित थिइन् । उनले भनिन- 'यौन रोग र पाठेघर खस्ने समस्या भएपनि नत घरका परिवारमा भन्न नै सक्थें नत छिमेकी र स्वास्थ्य चौकीमा पुगेर उपचार नै गर्नको लागि सल्लाह लिन सक्ने अवस्थामा थिएँ । '

गाउँकै महिला समुहमा आवद्ध भएपछि आफु जस्तै महिलालाई पीडा सुनाउने मौका पाइन् । अनि बल्ल उनको रोगको उपचार सम्भव भयो ।

उनले विगत सम्झँदै भनिन्- 'सानै उमेरमा विबाह भयो, काम पनि गर्नै पर्ने प्रशवको बेलामा पाउनु पर्ने पोषिलो खानेकुरा र विश्राम पनि भएन, गाह्रो काममा अघिपछि जस्तै गरि लाग्दा विस्तारै तल्लो पेट दुख्ने, काम गर्न मन नै नलाग्ने हिड्न नै असजिलो हुने जस्तो हुन थाल्यो । घरमा अरूलाई भनौ अनेक लान्छना र आरोप सहनु पर्ने, श्रीमानलाई केही भनौ उहाँ पनि भड्केर अर्को विबाह गर्ने हो कि भन्ने डरले जति पीडा र असहज हुँदा पनि सहेरै बस्न विवश भएँ ।' 'पहिला पहिला त पाठेघर खस्ने, यौन तथा शारिरीक समस्या भन्न निकै लाज लाग्थ्यो, लुकाएर बस्थें, तर गाउँमा महिला समुह बने पछि गोप्य रोगका विषयमा कुरा गर्न सजिलो भएको छ- नजिकै रहेकी सीमा बसफोरले भनिन् ।

सीमाले अहिले गाउँमा बाल विवाह नगर्न, पाठेघर, यौन र गर्भवतीका समयमा समस्या र अप्ठेरो परेमा स्थानीय स्वास्थ्य चौकी र मेडिकलमा जान वा घरमा घरायसी औषधी उपचार गर्न सुझाव दिने गरेकी छिन् । पाठेघर खस्ने समस्याबाट महिलाहरू क्यान्सर जस्तो रोग पाल्न विवश हुने र अज्ञानताका कारण अकालमै मृत्युसम्म हुने भएपछि महिला समुहमा मधेसी महिलाहरूले यस्ता विषयमा छलफल गर्न थालेका छन् । सुरूमा मधेसी समुकुँदायका महिला आफ्ना परिचय दिन समेत लाज मान्ने, मुख ढाक्ने, नबोल्ने गर्थे, समूहमा आवद्ध गरी छलफल, तालिम र गोष्ठी सञ्चालनपछि अहिले बाटो बाटोमा भेटेपनि पाठेघर र यौन समस्या सोधी समाधानका उपाय खोज्ने गरेको सगरमाथा महिला समुह शमशेरगञ्ज-७ की अध्यक्ष मिना गुरूङ्ग बताउँछिन ।

उपस्वाथ्य चौकी मनिकापुरका इन्चार्ज रमेश कोइरालाले पहिलाका तुलनामा मधेसी समुदायका महिलाहरू हिजोआज पाठेघर रोग सम्बन्धी कुरामा केही खुल्न थालेको बताए । मधेसी समुदायका महिलाहरू अहिले स्वाथ्य चौकीमा योनीबाट सेतो पानी बग्ने, तल्लो पेट दुख्ने, आङ्ग खस्ने, बस्न र हिडडुल गर्न गाह्रो हुने जस्ता समस्या ल्याएर आउने गरेको इन्चार्ज कोइरालाले बताए । मधेसी महिलाहरू पाठेघर खस्ने समस्या लुकाउने, घरमा कसैलाई पनि नभन्ने, नखुलाउने, रोग पाल्ने भएपनि पाठेघरका विषयमा बुझेपछि कम उमेरमा विवाह नगर्न, गर्भवतीका समयमा भारी नबोक्न, कडा काम नगर्न, नियमित स्वाथ्य चौकीमा चेकजाँच गर्ने, गाउँमा देखिएका पाठेघर खस्ने समस्या बाहिर ल्याउने र छलफल गर्ने गरेको त्रिवेणी विकास समाज बाँकेका कार्यकारी व्यवस्थापक सन्तोष यादवले बताए । उनीहरू आफैं सचेतना फैलाउन लागि परेका छन् । त्रिवेणी विकास समाज बाँकेको तथ्याङ्क अनुसार शमशेरगञ्ज, गनापुर र मनिकापुरमा ३ सय १४ जना मधेसी महिलाहरू पाठेघरको समस्याबाट पीडित रहेका छन् । जसमध्ये १ सय ७ जना शमशेरगञ्ज गाविसमा, १ सय १२ जना गनापुरमा र ९५ जना मनिकापुर गाविसमा रहेका छन् । पाठेघर खस्ने समस्याबाट पीडितमहिलाहरूलाई पहिलो र दोस्रो चरणका समस्याका लागि नियमित कसरत र घरेलु औषधीको प्रयोगका बारेमा जानकारी र तेस्रो चरणका पाठेघर खस्ने समस्याका लागि औषधी उपचार र नजिकको अस्पतालमा शल्यकृयाका लागि परामर्श दिने गरेको त्रिवेणी विकास समाजका स्वास्थ्य सहजकर्ता सीता खड्काले जानकारी दिइन । उनले मनिकापुर, गनापुर र शमशेरगञ्ज गाविसमा ३० वटा महिला समूह मार्फत पाठेघर रोग सम्बन्धी छलफल, जानकारी आदान प्रदान र जनचेतना फैलाउने काम भइरहेको बताइन ।

'पहिला गाउँमा जाँदा महिलाहरू आफुहरूसँग समेत खुलस्त बोल्न लजाउने, आफ्ना समस्या अरूलाई भन्दा समाजले बहिस्कार पो गर्ने हुन कि भन्ने डरले हामीसँग नबोल्ने, टाढिने गरे पनि विस्तारै समस्या सहज हुदै आयो र उनीहरू पाठेघर र यौन रोगको संक्रमित हुँदै गएको बारेमा खुल्दै आए,' उनले भनिन,- 'अहिले उनीहरूनै गाउँका सहजकर्ता भएर आफ्नो समस्या निर्धक्क भन्न र आफ्नो अधिकारको बारेमा आफै वकालत गर्नसक्ने भएका छन् ।' महिलाहरू बिचमा मात्र सिमित भएको यो अभियानमा गाउंका पुरूषलाई पनि सहभागी गराउन सके झनै प्रभावकारी हुने सिताको भनाई । महिलाको यो समस्या महिलाको मात्र नभएर पुरूषको पनि हो भन्ने मानसिकताको विकास गराउन सके अझै महिलाहरू रोगका विषयमा निर्धक्क भएर छलफल गर्न सक्थे र उपचारको उपाय तर्फ जान सजिलो हुने थियो । यसका लागि संचेतना जगाउनुको विकल्प छैन ।

# भन्सारमा रोकिएका विद्युत्का सामान धरौटीमा छुटाउन अर्थको सहमति

काठमाडौं । अर्थ मन्त्रालयले २२ मेगावाटको सानीमा माई जलविद्युत् आयोजना र विद्युत् प्राधिकरणले निर्माण गर्न लागेको काबेली प्रसारण लाइनका सामान धरौटीमा भन्सार छुटाउन सहमति दिएको छ । आर्थिक ऐनविपरीत जलविद्युत् उत्पादन, प्रसारण, वितरण र सञ्चालनमा प्रयोग हुने उपकरणमा भन्सार छुट दिएको भन्दै महालेखा परीक्षक कार्यालयले बेरूजु देखाइदिएपछि भन्सार विभागले ती दुई आयोजनाले ल्याएका समानमा भन्सार छुट दिन अस्वीकार गरेको थियो ।

छुट नपाएपछि दुवै आयोजनाले ल्याएका सामान विराटनगर भन्सार कार्यालयमा करिब एक महिनादेखि थन्किएका थिए । सामान भन्सारबाट छुटाउन नसक्दा दुवै आयोजनाको काम नराम्ररी प्रभावित भएको थियो । अर्थ मन्त्रालयका सहसचिव शिशिर ढुंगानाले आयोजनाको निर्माण प्रभावित हुन नदिन आयातमा लाग्ने भन्सार महसुल धरौटीमा राखी सामान छुटाउन आइतबार सहमति दिएको जानकारी दिए ।

'आयात गरिएका सामानमा लाग्ने महसुल धरौटीमा राखी भन्सारमा रोकिएको सामान छुटाउन अर्थ मन्त्रालयले सहमति दिएको छ,' ढुंगानाले भने ।

लगानी आकर्षित गर्न आर्थिक ऐनले जलविद्युत् उत्पादन, प्रसारण, वितरण, सञ्चालन वा सम्भारमा प्रयोग हुने तर नेपालमा उत्पादन नहुने निर्माण उपकरण, मेसिनरी औजार, पार्टपुर्जा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चापदार्थ स्टिल सिटमा विद्युत् विकास विभागको सिफारिसमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरेको छ ।

तर, नेपालको एक स्टिल उद्योगले प्रसारण लाइनको टावरमा प्रयोग हुने सामान नेपालमै उत्पादन हुने भए पनि भन्सार छुटमा विदेशबाट आयात गरिएको भन्दै महालेखा परीक्षक कार्यालयमा उजुरी दिएको थियो । कम्पनीको उजुरीकै आधारमा छुट दिएको साढे ३ करोड रूपैयाँभन्दा बढी रकम महालेखा परीक्षक कार्यालयले भन्सार विभागको बेरूजु देखाइदिएको थियो ।

महालेखा परीक्षकबाट ठूलो मात्रामा बेरूजु औँल्याएको हुँदा उक्त विषयमा टुंगो नलागी महसुल छुट दिन कानुनतः समस्या रहेको उल्लेख गर्दै भन्सार विभागले दुई आयोजनाले भारतबाट आयात गरेका उपकरणमा छुट दिन अस्वीकार गरेको थियो । सहसचिव ढुंगानाले विद्युत् विकास विभागले प्रमाणित गरेको सिफारिसका आधारमा छुट दिइएको बताए । 'आर्थिक ऐनअनुसार विद्युत् विकास विभागको सिफारिसमै भन्सार छुट दिएका थियौं, तर कानुनअनुसार छुट दिएको रकम बेरूजु देखाइएकाले यसको फर्स्योट गर्न महालेखा परीक्षक कार्यालयसँग छलफल गरिरहेका छौं,' उनले भने ।

सानीमा माईका प्रबन्ध निर्देशक डा. सुवर्णदास श्रेष्ठले ऊर्जा र अर्थ मन्त्रालयको विशेष पहलमा भन्सारमा रोकिएका सामान धरौटीमा छुटाउन पाइएको बताए । '१ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर छुटको सुविधा नदिएमा जलविद्युत् क्षेत्रमा दीर्घकालीन नकारात्मक प्रभाव पर्छ, धरौटीमा सामान छुटाएर तत्काल समस्या समाधान भए पनि अगामी दिनमा आउने यस्ता समस्या समाधान गर्न सरोकारवाला निकायले बेलैमा पहल गर्नुपर्छ,' श्रेष्ठले भने ।

## vjhsb

# विश्वकप क्रिकेट छनोटको ड्र सर्वाजनिक

काठमाडौं । अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सन् २०१५ विश्वकप क्रिकेट छनोटको 'ड्र' सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक गरेको ड्रअनुसार समूह 'ए'मा नेपाल, क्यानडा, संयुक्त अरब इमिरेट्स तथा स्कटल्यान्ड रहेका छन् । सन् २०१५ मा अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा विश्वकप आयोजना गर्दै छन् ।

एकदिवसीय विश्वकप छनोट खेल २५ पुसदेखि न्युजिल्यान्डको क्राइस्चर्चमा हुनेछ । आइसिसी वर्ल्ड डिभिजन-३ को विजेता हुँदै नेपालले विश्वकप छनोटको स्थान सुरक्षित गरेको हो । आयरल्यान्ड र अफगानिस्तानले आइसिसीको एसोसिएट राष्ट्रका रूपमा विश्वकपमा स्थान पक्का गरिसकेका छन् । त्यसैगरी समूह 'बी'मा नेदरल्यान्ड, केन्या, नामिबिया, पपुवा न्युगिनी र युगान्डा रहेका छन् । समूह 'ए'मा नेपालका प्रतिद्वन्द्वी पुरानै भएको नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान पारस खड्काले बताए । 'हाम्रो समूहमा रहेका सबै टोली पुरानै हुन्,' कप्तान पारसले भने । नेपाल र हङकङबीच सातपटक ५० ओभरको खेल भएको छ । जसमा नेपाल चार तथा हङकङ तीनपटक विजयी भएका छन् । स्कटल्यान्ड र नेपाल पहिलोपटक एकदिवसीय क्रिकेट प्रतियोगितामा प्रतिस्पर्धा गर्न लागेका हुन् ।

इंग्लिस टोलीका पूर्वकप्तान पाउल कलिङउडको प्रशिक्षणमा रहेको स्कटल्यान्डसँग नेपाल आइसिसी टी-२० विश्वकप छनोटमा पराजित भएको




थियो । नेपाल र युएईबीच नौपटक एकदिवसीय क्रिकेटमा प्रतिस्पर्धा भइसकेको छ । जसमा नेपालले एक जित तथा ड्र नतिजा बेहोरेको छ । गत वर्ष युएईको भूमिमा नेपालले एसिसी इलाइट कपको समूह चरणमा सात खेलको अपराजित यात्रा तोड्दै युएईविरूद्ध पहिलो जित दर्ता गरेको थियो । सोही प्रतियोगिताको फाइनलमा नेपाल र युएईबीचको खेल 'टाई' भएको थियो । नेपालको समूहमा क्यानडा मात्र नयाँ टोली हो । यसबाहेक अन्य टोलीविरूद्ध नेपालले एकदिवसीय तथा टी-२० मा प्रतिस्पर्धा गरिसकेको छ । नेपाली टोलीका प्रशिक्षक पुबुदु दासानायकेकै प्रशिक्षणमा क्यानडाले सन् २०११ को विश्वकप क्रिकेट यात्रा तय गरेको थियो । यसपटक दासानायकेले एकदिवसीय विश्वकपमा नेपाललाई छनोट गराउने अपेक्षा छ । दासानायकेकै प्रशिक्षणमा नेपालले हालै टी-२० विश्वकप क्रिकेटको स्थान पक्का गरेको छ ।

युएईमा सम्पन्न छनोट प्रतियोगिताको क्वाटरफाइनलमा हङकङलाई पाँच विकेटले हराउँदै नेपाल अर्को बर्ष बंगलादेशमा हुने विश्वकपमा छनोट भएको हो । सो प्रतियोगितामा नेपालले तेस्रो स्थान रक्षा गऱ्यो । न्युजिल्यान्डमा हुने छनोट प्रतियोगितामा नेपालले २७ पुसमा युएईविरूद्धको खेलसँगै विश्वकप छनोटको यात्रा गर्नेछ । आइसिसीका अनुसार समूहको शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन् ।

समूह चरणको प्रतिस्पर्धा १३ देखि २३ जनवरीसम्म हुनेछ । २६ फेब्रुअरीदेखि सुपरसिक्सका खेल हुनेछन् । क्राइस्चर्चको मैदानमा फाइनल स्पर्धा हुने आइसिसीले जनाएको छ । सुपर सिक्सबाट फाइनलमा पुग्ने दुई टोलीले २०१५ मा हुने एकदिवसीय विश्वकप खेल्नेछ । यसपटक आइसिसीले प्रत्येक टोलीलाई दुई अभ्यास खेल्ने अवसर दिएको छ । तीन सातासम्म चल्ने छनोट प्रतियोगितामा एक सय ५० खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । आइसिसीसँग आबद्ध एसोसिएट तथा एफिलिएटका टोलीले ३४ खेल खेल्नेछन् । नेपालले नामिबिया र केन्याविरूद्ध अभ्यास खेल खेल्नेछ । समूहमा पुरानै चिरपरिचित प्रतिद्वन्द्वी टोलीविरूद्ध नेपालले उत्कृष्ट प्रदर्शन गर्ने कप्तान पारसले बताए । राम्रो प्रदर्शन गरेको अवस्थामा नेपाल दोस्रो चरणमा पुग्ने पारसले विश्वास देखाए ।

# सेन्ट जेभियर्स क्वाटरफाइनलमा

काठमाडौं । सेन्ट जेभियर्स जावलाखेल १८औं फादर मोरान स्मृति आमन्त्रण अन्तरविद्यालय छात्र फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ । बुधबार आइजे पायोनियरसँग १-१ को बराबरी खेले पनि सेन्ट जेभियर्स क्वाटरफाइनलमा पुग्न सफल भयो । सेन्ट जेभियर्सका श्रीयाश श्रेष्ठले एक गोल गरिन् । पायोनियरका रोनित महर्जनले एक गरेकी थिइन् । सेन्ट जेभियर्सका सन्दीप बुढाथोकी म्यान अफ द म्याच भए । आयोजक सेन्ट जेभियर्स गोदावरी 'बी' र एलआरआईले जित हात पारे । सेन्ट जेभियर्सले इडेन गार्डेनलाई ४-० ले हरायो । टोलीको जितमा विनित थापा, प्रशन्न भुसाल, आशिष बुढामगर र म्यान अफ द म्याच फिलिप घलेले गोल गरे । एलआरआईले ड्याफोडिलमाथि ३-० को जित निकाल्यो । एलआरआईका निश्चल श्रेष्ठ, म्यान अफ द म्याच आयुश थापा र प्रशन्न थापाले गोल गरे ।

# फेका फुटबल हुने

काठमाडौं/ फेयर एजुकेसनल कम्पिटिटर्स एसोसिएसन (फेका)को आयोजनामा आठौं अन्तरविद्यालय फेका कप फुटबल प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ । प्रतियोगितामा २१ छात्र टोलीको सहभागिता रहने प्रतियोगिता संयोजक प्रह्लाद खनालले जनाएका छन् । सहभागी टिमलाई चार समूहमा विभाजन गरी नकआउटका आधारमा खेलाइनेछ । प्रतियोगिताको कोटदेवी पब्लिक स्कुल साबिक विजेता हो । २९ मंसिरसम्म चल्ने प्रतियोगिताका खेल पेप्सीकोलास्थित टाउन प्लानिङको मैदानमा हुनेछ ।

# चरेशसहित आठ जना पक्राउ

पर्सा । सशस्त्र प्रहरी बल सुरक्षा बेस पोखरियाबाट खटिएको एपीएफ टोली र स्थानीय प्रहरीले पर्साको मुडली-७ तीनडुवियाबाट १३ किलो चरेश तथा चरेश बनाउने सामानसहित आठ जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पर्सा, मुडली ७ का राजन पटेल, विनोद साह, बैद्यनाथ पटेल, रामनाथ पटेल, द्वारिका साह, विश्वनाथ पटेल तथा मुडली ६ बस्ने देवशंकर पटेल र होहा आलम छन् । सोही ठाउँमा रहेको शिव पटेलको खाली घरमा केही व्यक्तिहरूले चरेश बनाउँदै गरेको भन्ने जानकारी पाएपछि खटिएको एपीएफ टोली र स्थानीय प्रहरीले १३ किलो चरेश, चरेश बनाउने मेसिन र काठको फर्मासहित निजहरूलाई पक्राउ गरेको हो । पक्राउ परेकाहरूलाई एपीएफ टोलीले आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाएको छ ।

त्यसैगरी बाँकेको खजुरा नजिकैबाट एपीएफ टोली र क्षेत्रीय राजस्व अनुसन्धान कार्यालय कोहलपुरको टोलीले करीब १७ टन चामलसहित एउटा ट्रक बरामद गरेको छ । जाँच गर्नेक्रममा ना.५ख ११४२ नम्बरको ट्रकमा विश्व खाद्य संस्थाको नक्कली कागजपत्र बनाई धनगढीबाट खजुरातर्फ ल्याउँदै गरेको अवस्थामा उक्त चामल बरामद गरेको हो । बरामद चामल ट्रकसहितै आवश्यक कारवाहीको लागि क्षेत्रीय राजस्व अनुसन्धान कार्यालय कोहलपुरमा बुझाइएको छ ।

त्यस्तै सशस्त्र प्रहरी बल राजस्व तथा भन्सार गस्ती सुरक्षा गुल्म काँकडभिट्टाबाट खटिएको एपीएफ टोलीले मेचीनगर १०बाट करीब एक लाख ४७ हजार रूपैयाँ बराबरको चोरीपैठारीको विभिन्न सामान बरामद गरेको छ । एपीएफ टोलीले त्यस ठाउँमा जाँच गर्ने क्रममा भारतबाट अवैध रूपले भन्सार छली ल्याउँदै गरेको अवस्थामा उल्लेखित मूल्य बराबरको किराना सामान तथा हार्डवेयरका सामान बरामद गरेको हो । एपीएफ टोलीले बरामद सामान आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ ।

## /Elg va/



### लोफर एक्लै

काठमाडौं । निर्माता छविराज ओझाको नयाँ फिल्म 'लोफर' आजदेखि राजधानी र मोफसलका हलमा एकसाथ एक्लै प्रदर्शन हुने भएको छ ।

आदित्यविक्रम लम्साल निर्देशित लोफरले मंगलबार प्रेस मिट गरी दिएको जानकारीअनुसार फिल्म राजधानीका मल्टिप्लेक्स हलहरूमा पनि प्रदर्शन हुँदै छ । लोफर युवाको कथा प्रस्तुत गरिएको बताइने फिल्ममा आर्यन सिग्देल, दयाहाङ राई, कमलमणि नेपाल र रजनी केसी प्रमुख भूमिकामा छन् । निर्देशक आदित्यले लोफर कुनै पनि विदेशी फिल्मबाट प्रभावित नभएको दाबी गरे । निर्माता ओझाले फिल्म सबै वर्गका दर्शकलाई लक्षित भएकाले विगतका झैं यो फिल्म पनि सुपरहिट हुने विश्वास व्यक्त गरे ।

'फिल्म राम्रो बनाउन कुनै कसर बाँकी राखेको छैन,' निर्माता ओझाले भने, 'लोफरबाट नयाँ-पुराना दुवै पुस्ताका दर्शकले उत्तिकै मनोरञ्जन पाउँछन् । त्यसकारण चिन्ता छैन ।' अभिनेता आर्यनले लोफरमा आफूले विगतका फिल्मभन्दा बिल्कुलै नयाँ चरित्र र भूमिका निभाएको बताए । उनले फिल्मभित्र आफू सिग्देल पात्रका रूपमा रहेको बताउँदै भने, 'मैले अहिलेसम्म काम गरेकामध्ये नौलो फिल्म हो । र, मिहिनेत पनि अलि ज्यादा नै परेको छ । त्यसकारण होपफुल छु ।' मदनकश्यप घिमिरेले खिचेको लोफरको स्क्रिप्ट निर्देशक स्वयंले लेखेका हुन् । फिल्म करिब एक सय हलमा एकसाथ रिलिज हुने बताइएको छ ।

### पुस २६ मा पराइ

काठमाडौं । निर्देशक शिव रेग्मी निर्देशित पारिवारिक फिल्म 'पराइ'को प्रदर्शन मिति तोकिएको छ । निर्माता



गोविन्द शाहीका अनुसार पराइ २६ पुसमा प्रदर्शन हुनेछ ।

मिर्गौला रोगका कारण केही महिनायता सिकिस्त बिरामी निर्देशक रेग्मीको अनुपस्थितिमा राजधानीमा सम्पन्न प्रेस मिटमा उपस्थित कलाकर्मीले उनको शीघ्र स्वास्थ्यलाभको कामना गरेका थिए । पराइको रिलिज डेट अरूले भन्दा पहिला नै फाइनल गरेकाले जुध्न आउने फिल्मसँग आफूलाई डर नभएको निर्माता शाहीले बताए । 'मैले केही महिनापहिला नै पराइको रिलिज डेट घोषणा गरेको थिएँ । त्यसैले पुस २६ मा अरु कुन फिल्म आउँछन्, मलाई टेन्सन छैन,' उनले भने, 'फिल्म एकदम राम्रो बनेको छ । त्यसकारण केही डर छैन ।'

पराइमा नीरज बराल, गरिमा पन्त, राजवल्लभ कोइराला, नन्दिता केसी, वसुन्धरा भुसालका साथमा निर्माता गोविन्द पनि प्रमुख भूमिकामा छन् ।

### ६ स्रष्टा सम्मानित

कास्की । साहित्यिक अभियान अक्षरयात्राको शतक शृंखलामा ६ स्रष्टालाई सम्मान गरिएको छ । कार्यक्रममा यात्रामा नियमित सहभागी भई उत्कृष्ट प्रतिभा प्रस्तुत गर्ने एकजनालाई हरेक वर्ष प्रदान गरिने अक्षरयात्रा प्रतिभा पुरस्कार युवा साहित्यकार कपिल शर्मा 'सन्जोग'लाई प्रदान गरियो ।

त्यस्तै, यात्राका परिकल्पनाकार प्रकट पंगेनी शिव, दीपक समीप, लक्ष्मण थापा र कृष्ण उदासीलाई अक्षरयात्रा सम्मान र अक्षरयात्रामा सबैभन्दा बढी सहभागी भएकाका बलराम पूर्णविरामलाई विशेष कदरपत्र प्रदान गरियो ।

कार्यक्रमका प्रमुख अतिथि प्राज्ञ सरुभक्तले तत्स्थानीय रचना वाचन कार्यक्रम अक्षरयात्रा नेपाली साहित्यको विशिष्ट अभियानका रूपमा रहेको धारणा राखे । कार्यक्रममा विशेष अतिथि प्राज्ञ हरिदेवी कोइरालाले कार्यक्रमबाट साहित्यमा लाग्ने र लाग्न चाहने नयाँ प्रतिभालाई हौसला मिलेको बताइन् । कार्यक्रममा ५० भन्दा बढी अक्षरयात्रीले आ-आफ्ना रचना वाचन गरेका थिए ।

गजलसन्ध्या र नवनीत साहित्य सागरले ०६२ मा सुन्दरीडाँडाबाट जीवन र जगत्को यथार्थबोधका लागि हरेक महिनाको तेस्रो शनिबार विभिन्न स्थानमा कार्यक्रम गर्दै आएका छन् ।

### कविताको सौभाग्य

काठमाडौं । गीतकार कविता तामाङले आफ्नो एकल गीति एल्बम 'सौभाग्य' श्रोतामाझ पस्किएकी छिन् । सानैदेखि गीत कोर्दै आएकी कञ्चनपुरकी कविता आफ्नो अथक मिहिनेत र निरन्तरताले सौभाग्य बजारमा ल्याउन सफल भएकी हुन् ।

सौभाग्यमा रामकृष्ण ढकाल, शिशिर योगी, अञ्जु पन्त, जुनु रिजाल, बेदु सारू मगर, मञ्जु उपासनालगायत गायक-गायिकाको स्वर छ । सबै गीतमा संगीतकार सन्तोष श्रेष्ठले संगीत दिएका छन् । आफ्ना गीत श्रोता-दर्शकले मन पराउनेमा कविता आशावादी छिन् ।

### देवकोटा-लु सुन विशेष कार्यक्रम हुने

काठमाडौं । महाकवि लक्ष्मीप्रसाद देवकोटा र चिनियाँ साहित्यकार लु सुनको सम्झनामा राजधानीमा एक विशेष कार्यक्रम गरिँदै छ । नेपाल र चीनबीच सांस्कृतिक सम्बन्ध सुदृढ पारी साहित्यको क्षेत्रमा रचनात्मक काम गर्ने उद्देश्यले स्थापित देवकोटा-लु सुन प्रज्ञा प्रतिष्ठानले आउँदो शुक्रबार र शनिबार कार्यक्रम गर्न लागेको हो ।

कार्यक्रममा देवकोटा र लु सुनको जीवन तथा लेखनसम्बन्धी प्रदर्शनीका साथै उनीहरूका कृतित्वबारे चारवटा विचार गोष्ठी हुने प्रतिष्ठानका अध्यक्ष निनु चापागाईंले जानकारी दिए । उनका अनुसार गोष्ठीमा बेइजिङ लु सुन म्युजियमका निर्देशक याङ याङ, बेइजिङ युनिभर्सिटीका प्राध्यापक गाओ युयाङडोङ, रेनमिन युनिभर्सिटीका प्राध्यापक सुन यी, अस्ट्रेलियाको युनिभर्सिटी अफ साउथ वेल्सका प्राध्यापक जोन एउगिन भोन कोलिसलगायत नेपाल, चीन र अस्ट्रेलियाका विद्वान् रहनेछन् । प्रदर्शनीमा भने बेइजिङबाट ल्याइएका लु सुनबारेका महत्वपूर्ण तस्बिर, दस्तावेज, पुस्तकका साथै महाकवि देवकोटाबारे पनि महत्वपूर्ण सामग्री रहनेछन् ।

## skt/ 6

### ग्लोबल आइएमईको १५ प्रतिशत बोनस सेयर वितरण प्रस्ताव

काठमाडौं । ग्लोबल आइएमई बैंकको मंगलबार बसेको सञ्चालक समितिको बैठकले आव ०६९/७० को मुनाफाबाट सेयरधनीलाई १५ प्रतिशत बोनस सेयर वितरण प्रस्ताव पारित गरेको छ । बैठकले आउँदो १९ पुसमा साधारणसभा गर्ने निर्णय गरेको छ । नगद लाभांश तथा बोनस सेयर वितरणका लागि राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भइसकेको बैंकले जनाएको छ । हाले बैंकले कमर्ज एन्ड ट्रष्ट बैंकसँग मर्ज सम्झौता गरेको छ । ग्लोबल आइएमईमा कमर्ज एन्ड ट्रष्ट गाभिएपछि बैंकको कुल चुक्ता पुंजी ४ अर्ब ४१ करोड, कुल निक्षेप ४९ अर्ब, कर्जा लगानी ४० अर्ब रुपैयाँ पुग्नेछ भने ८७ शाखा कार्यालय, सातवटा एक्सटेन्सन काउन्टर, १७ शाखारहित बैंकिङ सेवा र ८० वटा एटिएम सञ्जाल हुनेछ ।

बैंकले चालू आव ०७० /७१ को प्रथम त्रैमासिकसम्म २७ करोड १४ लाख खुद मुनाफा आर्जन गरेको जनाएको छ ।

### मेगाको मेरो पसल विस्तार कर्जा

काठमाडौं । मेगा बैंक नेपालले साना तथा मझौला व्यवसाय विस्तारका लागि विशेष कर्जा योजना ल्याएको छ । साना तथा मझौला पसल व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीका लागि आवश्यक पुंजी प्रदान गर्ने उद्देश्यले मेगा बैंकले मेगा मेरो पसल विस्तार कर्जा योजना घोषणा गरेको हो । त्यसका लागि कम्तीमा ५ लाख रूपैयाँ ऋण लिनुपर्ने र दुई वर्ष आफ्नै घरमा पसल व्यवसाय गरेको हुनुपर्ने प्रावधान राखिएको बैंकले जनाएको छ । योजनाका लागि बैंकले ऋणीलाई साढे ९ प्रतिशत कर्जादरमा रकम उपलब्ध गराउनेछ ।

अधिकांश मध्यमवर्गीय नेपालीले पुंजी अभावकै कारण व्यवसाय विस्तार गर्न नपाएको देखिएकाले साना तथा मझौला व्यवसाय गरिरहेकालाई लक्षित गरी योजना सुरू गरिएको बैंकका सिइओ अनील शाहले जानकारी दिए । बैंकले मुलुकभर रहेका २८ शाखा सञ्जालमार्फत सेवा उपलब्ध गराइने बताएको छ ।

### बिओकेको ब्लुबेरी ट्रस्टसँग सम्झौता

काठमाडौं । बैंक अफ काठमान्डु र ब्लुबेरी च्यारिटेबल ट्रस्टबीच ग्रामीण स्तरमा वित्तीय पहुँच पुऱ्याउने सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतापछि बैंकले समृद्ध पहाड प्रोजेक्ट एन्ड सस्टेनेबल एक्सेस टु फाइनान्स एन्ड लाइभलीहुड प्रोजेक्टका लागि ब्लुबेरी च्यारिटेबल ट्रस्टसँग मिलेर काम गर्नेछ । सम्झौताअनुसार ग्रामीण स्तरका साना किसान, साना तथा मझौला व्यवसायी एवं अन्य व्यापारिक संस्थाका लागि वित्तीय सेवा पुऱ्याउने उद्देश्य राखिएको बैंकले जनाएको छ ।

### श्री इन्भेस्टमेन्टको साधरणसभा सम्पन्न

काठमाडौं । श्री इन्भेस्टमेन्ट एन्ड फाइनान्स कम्पनी लिमिटेडको उन्नाइसौं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सभामा आर्थिक वर्ष ०६९ /७० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सञ्चालक समितिका अध्यक्ष रविन्द्रराज पाण्नलंडेले निक्षेप अघिल्लो वर्षको तुलनामा १२.२३ प्रतिशतले वृद्धि भई १ अर्ब ५१ करोड १० लाख रूपैयाँ र कर्जा सापट ९.१६ प्रतिशतले वृद्धि भई १ अर्ब २३ करोड ५ लाख रूपैयाँ पुगेको जानकारी दिए । करपछिको खुद मुनाफा ३ करोड ९४ लाख रूपैयाँ साधारणसभालाई जानकारी दिइएको छ । राष्ट्र बैंकको निर्देशनअनुरूप पुंजी वृद्धि गर्ने लक्ष्यअनुरूप कार्य गर्दै आएको संस्थाको चुक्ता पुंजी यस आवमा १६ करोड पुगेको कम्पनीले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ ।

### बिओके र ट्रस्टबीच सम्झौता

काठमाडौं । बैंक अफ काठमाण्डू (बिओके) लि. र ब्लुबेरी च्यारिटेबल ट्रस्टबीच ग्रामीण स्तरमा वित्तीय पहुँच पुऱ्याउनेसम्बन्धी सम्झौतामा हस्ताक्षर सम्पन्न भएको छ । समृद्ध पहाड प्रोजेक्ट एन्ड सस्टेनेबल एक्सेस टु फाइनान्स एन्ड लिइभलिहुड प्रोजेक्टका लागि ब्लुबेरी च्यारिटेबल ट्रस्टसँग मिलेर काम गर्ने बैंकले सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । सम्झौताअनुसार ग्रामीण स्तरका साना किसान, साना तथा मझौला व्यवसायी एवं अन्य व्यापारिक संस्थाका लागि वित्तीय सेवा पुऱ्याउने उद्देश्य राखिएको छ ।

### भृकुटीको लाभांश स्वीकृत

बुटवल । भृकुटी डेभलपमेन्ट बैंकले आव ०६९ /७० को मुनाफाबाट सेयरधनीको लागि प्रस्ताव गरेको २० प्रतिशत बोनस सेयर नेपाल राष्ट्र बैंकबाट स्वीकृत भएको छ । बैंकको साधारणसभाले उक्त प्रस्ताव पारित गरेपछि, सेयरधनीलाई सोबराबरको बोनस सेयर वितरण गरिने उक्त बैंकका कार्यकारी प्रमुख लोकनाथ भुसालले जनाएका छन् । अधिकृत पुंजी १ अर्ब ५० करोड र चुक्तापुंजी ४२ करोड रूपैयाँ भई १० जिल्लामा कार्यक्षेत्र भएको यस बैंकको हालसम्म निक्षेप ४ अर्ब ५१ करोड, कर्जा ३ अर्ब ३६ करोड रूपैयाँ भई आव ०६९ /७० मा ११ करोड ५ लाख सञ्चालन मुनाफा गरेको छ । बैंकले आगामी ६ महिनाभित्र तौलिहवा, भैरहवा र दाङ तथा चितवन जिल्लामा समेत १/१ वटा शाखा विस्तार गर्ने योजना रहेको जनाएको छ ।

### ज्योति-सेवा रेमिट विप्रेषण सम्झौता

काठमाडौं । ज्योति विकास बैंक र सेवा रेमिटबीच विप्रेषण सम्झौता भएको छ । सम्झौतामा बैंक प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद उपाध्याय र सेवा रेमिटका प्रबन्ध निर्देशक दामोदर खनालले हस्ताक्षर गरेका थिए । सम्झौतापछि बैंकका सम्पूर्ण शाखा कार्यालयबाट सेवा रेमिटमार्फत विदेशबाट पठाएको रकम सेवाग्राहीले भुक्तानी लिन सक्नेछन् ।

